CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४६ पूर्णाङ्क

वि.सं. २०८० पौष

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका





संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३७ वर्ष

२ अङ्क

वि.सं. २०८० पौष

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

मूल्य रु. ५००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१.	प्रजातन्त्र आयो, विद्यामा क्रान्ति आएन	१६७-१९०
२.	Reasons for Consecrating Images of Hanūmān	१९१-१९६
३.	ने.सं. ६२३ (वि.सं. १५६०) देखि ने.सं. ६३५ (वि.सं. १५७२) भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखत	१९७-२१०
४.	श्री ५ पृथ्वीनारायण शाहका २ अप्रकाशित लालमोहर	२११-२१४
५.	दैवज्ञशिरोमणिलक्ष्मीपतिना प्रणीतानां ग्रन्थानां सूचीपत्रम्	२१५-२८०
६.	Documents from Hanuman Dhoka Palace An introduction with two 19th century documents related to *seras*	२८१-३००

कम्प्युटर टाइपिङ र लेआउट गर्ने–

शर्मिला मल्ल कर्माचार्य

शोभाभगवतीमार्ग, काठमाडौँ

मोबाइल नं. ९८४१४२६१०२

विकास महर्जन

महालक्ष्मी न.पा.-६, सानागाउँ, ललितपुर

मोबाइल नं. ९८६२९०५२३२

मुद्रक–

के. एम. प्रिन्टर्स

ताम्सीपाखा-१८, काठमाडौँ

मोबाइल नं. ९८५१०६६३२४

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डलको बहिरङ्गविभाग

१०८ राजावीरेन्द्रमार्ग, काठमाडौँ, नेपाल

मोबाइल नं. ९८४००१७३३४, ९८४१४२६१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रजातन्त्र आयो, विद्यामा क्रान्ति आएन

-नयराज पन्त

संशोधन-मण्डलका प्रणेता नयराज पन्त (वि.सं. १९७०-२०५९)सँग जीवेन्द्रदेव गिरि, रमेशप्रसाद भट्टराई, धर्मराज अधिकारी र फणीन्द्रराज निरौलाले वि.सं. २०५७ कार्तिक १९ र २६ गते गरेको कुराकानी वि.सं. २०५८ माघ-चैत्रमा प्रकाशित नेपाली साहित्यिक त्रैमासिक *झिसमिसे* पत्रिकाको ३७ पूर्णाङ्कका ७-३२ पृष्ठमा छापिएको छ । नयराज पन्त परलोक हुनुभन्दा २ वर्षअगाडि गरिएको यो कुराकानी पढ्ने इच्छा धेरै जनाले गरेकाले अहिले प्रूफसम्बन्धी र अरू साधारण संशोधन गरी *पूर्णिमा*को यस अङ्कमा जस्ताकोजस्तो उतारिएको छ ।

झिसमिसे– यहाँको जन्ममिति, जन्मस्थान, मातापिता, बाल्यकाल र पारिवारिक अवस्थाबारे सङ्क्षेपमा प्रकाश पारिदिनुहुन्छ कि ?

पन्त– म जन्मेको वि.सं. १९७० श्रावण २६ गते हो । आज २०५७ कार्तिक १९ गतेका दिनमा म ८७ वर्ष २ महीना २४ दिनको भएँ । म काठमाडौँको महाबौद्धटोलमा जन्मेको हुँ । मेरा बाबुको नाम पण्डित कृष्णदत्त पन्त र आमाको नाम यज्ञप्रिया हो । मेरा बा रानीपोखरी संस्कृतपाठशालामा व्याकरण पढाउनुहुन्थ्यो । मैले बालाई देखिनँ । म डेढ वर्षको हुँदा मेरा बाको स्वर्गवास भएको थियो । म मावलीमा पालिएको हुँ ।

झिसमिसे– अहिले यहाँको स्वास्थ्यस्थिति कस्तो छ । यसलाई सन्तुलनमा राख्न के गरिरहनुभएको छ ?

पन्त– मैले अघि नै भनेँ- म अहिले ८७ वर्षको भएँ । यसभन्दा अगाडि म काठमाडौँको घरमा थिएँ । २०५१ सालको कार्तिक २४ गते हिँड्दै थिएँ । काठमाडौँको गद्दीबैठकनजिकै महादेव-पार्वतीको मूर्ति छ । महादेव-पार्वतीको मूर्ति झ्यालमा राखेको हुन्छ नि, त्यहींनिर म पुग्या थिएँ, अकस्मात् भुइँमा पछारिएँ, अरूले उठाइदिए । नजीकैको पसलमा गएर बसेँ । केही बेरसम्म त्यहाँ बसेँ । पछि पसलेले भन्यो, मेरो पसलमा नबस, हाम्रो व्यापार गर्नुपर्छ, उठेर जाऊ । मैले भनेँ, म उठेर हिँड्न सक्तिनँ । उसले फेरि तिम्रो घर कहाँ हो भनेर सोध्यो । मैले फलाना ठाउँ हो भनेँ । उसैले एउटा ट्याम्पु ल्याएर आई ऊ पनि बस्यो र घरसम्म ल्याइदियो । घरमा आएर बसेँ । दुख्न अलि कम भयो । वैद्य देखाउनुपर्‍यो भन्या जस्तो लाग्यो, भोलिपल्ट जाऊँ न भन्या, त्यस्तै भयो । पर्सिपल्ट भात खान बस्या थिएँ, भातै खान सकिनँ । एकदम दुखेर आयो । अनि दिनेशलाई भनेँ, वैद्य बोलाएर आ । वैद्य सिद्धिवज्र वज्राचार्य आए । उनले हेरेर औषधि लेखिदिए । औषधि ल्याइयो । यस्तैमा एउटा मान्छे मकहाँ आए । मैले त चिन्न पनि चिनिनँ आँखाले । उनी सिद्धिवज्रका दाजु वैद्य दिव्यवज्र वज्राचार्य रहेछन् । उनले भने, यो लडेर दुख्ने भएको होइन, मुटुको रोग हो । यस्तो ओखती खाएर हुँदैन यो रोगको । डाक्टर देखाइहाल । यति भनेर उनी गए । डाक्टर खोज्न गएको त डाक्टर पाइएन, चिन्या डाक्टर थिएन । अस्पतालसम्म हिँडेर जाऊँ भनेको पनि सकिनँ । एम्बुलेन्समा बसेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँसम्म गएँ । त्यहाँ पुगेपछि त्यहाँ भएका डाक्टरहरूले के के हेरे, मलाई थाहा भएन । बेहोशीमा थिइनँ, म होशमा नै थिएँ । त्यहाँ मलाई भर्ना गरियो । भर्ना गरेर उनीहरूले भने, ह्याँ भर्ना भएर बस । ह्याँका मान्छेले हेर्छन् । तिम्रा मान्छेचाहिँ दिउँसो आउनु हुन्छ । राति बस्नु हुँदैन । त्यहींका मान्छेले हेरेर अस्पतालमा राखिदिए । ७ दिनसम्म होला, त्यहीं राखे । ओखती के गरे, त्यसबारे मलाई थाहा छैन । त्यसपछि अर्का ठाउँमा सारे । त्यसपछि त्यहाँचाहिँ मेरा मान्छे बस्न हुन्छ भने । पहिले बसेको ठाउँबाट तल लिएर गएपछि ३।४ जना डाक्टरले हेर्थे । यो गोली खाऊ भन्थे । मैले पनि त्यही खाएर बसेँ । हेर्न आउने धेरै डाक्टरहरूमध्ये लक्ष्मणप्रसाद टिबडेवाल पनि आएर हेर्थे । यो २०५१ सालको पूसतिरको कुरा हो, त्यसयता अहिले २०५७ सालसम्म पनि तिनै डाक्टर कहिलेकाहीँ आएर हेर्छन्, बोलाएको बेला पनि आउँछन्, ओखती दिइराख्या छन् । ओखती खान्छु, पथपरहेज गर्छु । महाबौद्धटोलबाट यहाँ एकान्तकुना आएको अहिले दुइ वर्ष आठ महीना भयो । उहाँचाहिँ घरमा दक्षिणपट्टि अरूको घर थियो, पश्चिमपट्टि पनि घर थियो, घाम १०।११ बजे लागेर २ बजे जान्थ्यो । यहाँचाहिँ घाम लाग्छ । उहाँ तलमाथि गर्नुपर्थ्यो, यहाँ पर्दैन । यहाँ बस्न-हिँड्न सजिलो छ । यताउति हिँड्न पनि मिल्छ, आनन्दै छ । तलमाथि गर्‍यो भने दुख्छ । मेरा मनमा के लाग्छ भने, डाक्टरको ओखती खाएर बाँचेको छु, नत्र मरिहाल्थेँ । पहिले म वैद्यको ओखती खान्थेँ । वैद्यले पनि आएर डाक्टरको ओखती खानुपर्छ भने ।

जङ्गबहादुर डाक्टरको ओखती खाँदैनथे, चिरफारचाहिँ डाक्टरबाट गराउँथे । उनी बेलायत जाँदा साथमा वैद्य लिएर जान्थे । एक पटक उनी ५८।५९ वर्षको बुढेसकालमा बेलायत जान लाग्दा बम्बईमा पछारिए । त्यसपछि उनी बेलायत जाने आँट नगरी ओखती गरेर नेपाल फर्के ।

नेपालमा आफ्नो ओखतीमूलोको विकासमा मान्छेहरू लाग्नुपर्ने हो । त्यतातिर ध्यान छैन । यहाँका मान्छे केही गर्दैनन्, सङ्ग खोल्छन्, काम गर्दैनन्, ह्याँ गर्छन्, त्याँ गर्छन्, ठग्न खोज्छन् । उनीहरू भन्या जस्तो काम गर्दैनन्, गरे हुन्थ्यो, गर्दै गर्दैनन् ।

अहिले ६ वर्ष नाघ्यो, डाक्टरको ओखती खाइरहेको छु । मलाई धेरै वर्षपहिले खोकी लागेर दुःख दिन्थ्यो । वैद्यले के भन्थे भने कफघ्नीवटी खाऊ । त्यही ओखती लिएर म खान्थेँ । एक पटक कफघ्नीवटी लिन जाँदा सिद्धिएको रहेछ । मैले के गर्ने भन्दा वैद्यले हर्रो खाऊ, हर्रोले निको हुन्छ भने । त्यसै बेलादेखि म हर्रो खान्छु । हर्रो खाएपछि कफ जान्छ । अस्पतालमा रहँदा त्यहाँ पनि खोकी लाग्यो । मैले डाक्टरलाई सोधेँ, मलाई खोकी लाग्यो, हर्रो खान हुन्छ कि हुँदैन ? डाक्टरले जवाफमा भने, खै, हर्रो भनेको के हो, मलाई थाहा पत्तै छैन, हर्रोको नाम मैले सुनेको पनि छैन, त्यसैले त्यसबारे म केही भन्न सक्तिनँ । त्यसपछि अब के गर्ने जस्तो भयो र मैले वैद्य दिव्यवज्र वज्राचार्यलाई सोध्न पठाएँ । उनले भने, खान हुन्छ, त्यसले फाइदा गर्छ । त्यसैले हर्रो खाएँ । अहिले पनि हर्रो किनिराखेको छु र खान्छु । मलाई आनन्दै छ । अहिलेको अवस्था यस्तै छ ।

झिसमिसे– यहाँको पहिलो कृति र अन्य प्रकाशित कृतिहरूका बारेमा केही कुरा भनिदिनुहुन्छ कि ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पन्त– मेरो पहिलो प्रकाशित कृति *हेमन्त मन्तुर्न ते* हो र वि.सं. १९९१ मा सो प्रकाशित भएको हो । हालसम्म प्रकाशित कृतिहरूमा *नेपालको संक्षिप्त इतिहास* (तोत्रराज पाण्डेयसँग मिलेर लेखिएको), *इतिहास-सहायक, ज्यौतिष, विद्यारक्षा* (१-१५ सङ्ख्या), *सुमतितन्त्र* (देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिलेर लेखिएको), *गोलबोध* (सहायक- देवीप्रसाद भण्डारी र दिनेशराज पन्त), *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति, प्राचीन र नवीन गणितको तुलना, ज्योत्पत्ति* (त्रिकोणमिति, सहायक- मङ्गलदास प्रधानाङ्ग), *श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत र नेपाली पद्यमयी व्याख्या, लिच्छविसंवत्को निर्णय* (सहायक- देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने), *कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना* (पहिलो भाग, दिनेशराज पन्तसँग मिलेर लेखिएको), *हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना* (सहायक- देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल), *रत्नदीप* (पहिलो भाग, सहायक-रामजी तेवारी, देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल) तथा *विश्रान्ति* (सहायक- रुक्मनाथ पौडेल) हुन् । आफ्नो सम्पर्कमा आएका विद्यार्थीहरूद्वारा वि.सं. २००९ देखि *इतिहास-संशोधन, सावधानपत्र, व्याकरण-संशोधन, पञ्चाङ्ग-संशोधन*हरूको कार्य हुँदै आएको कुरा तपाईँहरूलाई थाहा नै छ । यिनै विद्यार्थीहरूमध्ये ९ जना विद्यार्थीको सहयोगद्वारा संशोधन-मण्डलको स्थापना भएको हो । संशोधन-मण्डलभित्र परेका तथा नपरेका तर त्यही परम्पराका इतिहास-संशोधक ज्ञानमणि नेपालसमेतको सहयोगबाट विभिन्न ग्रन्थ तथा लेखहरू प्रकाशित छन् । तिनमा *अभिलेख-संग्रह* (१-१२ भाग), दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको *रत्नदीप*, महेश्वराचार्यको *वृत्तशतक*, राजपुरोहित शक्तिवल्लभ अर्यालको *जयरत्नाकरनाटक*, सुन्दरानन्द बाँडाको *त्रिरत्नसौन्दर्यगाथा, गल्लीमा फ्याँकिएका कसिङ्गर, ऐतिहासिक पत्रसंग्रह* (१-२ भाग), *इतिहास-संशोधनको प्रमाणप्रमेय* र *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* जस्ता कृतिहरू पर्दछन् । यिनका अतिरिक्त वि.सं. २०२१ देखि संशोधन-मण्डलको पत्रिका *पूर्णिमा*को प्रकाशन (हाल *पूर्णिमा*का १०२ अङ्क प्रकाशित भइसकेका छन् तथा १०३ र १०४ अङ्क प्रेसमा छन् ।) भइरहेको छ । मेरा संस्कृत निबन्ध र कविताहरू *अमरभारती, संस्कृत-सन्देश, जयतु संस्कृतम्, हैमवती, मेधा, पूर्णिमा* आदि पत्रिकामा प्रकाशित छन् भने नेपाली निबन्ध र कविताहरू *शारदा, साहित्यस्रोत, पुरुषार्थ, राष्ट्रिय भावना, ज्ञानविकास, नेपालसमाचार, सिंहनाद, रमझम, अरुणोदय, प्रज्ञा, मधुपर्क, मर्यादा, रूपरेखा, गोरखापत्र, प्राचीन नेपाल* र *पूर्णिमा* आदिमा प्रकाशित भएको देख्न सकिन्छ । यसरी नै संस्कृत र नेपाली भाषामा गणितविषयका केही लेखहरू पनि मैले लेखेको छु । *जयतु संस्कृतम्, नेपाली, प्रज्ञा, अरुणोदय, ज्यौतिषदर्शन, मर्यादा, ज्यौतिषज्ञान, पूर्णिमा* आदि पत्रिकामा ती प्रकाशित छन् । मोटामोटी रूपमा मेरा प्रकाशित कृतिहरू यिनै हुन् ।

मेरा पुस्तकबारे सोध्नुभयो । *लिच्छविसंवत्को निर्णय* हेर्नोस्, प्रज्ञाप्रतिष्ठानले छपाएको हो । अर्को पुस्तकचाहिँ मेरा नाउँमा छापिएको होइन, त्यो *इतिहास-संशोधनको प्रमाण-प्रमेय* । त्यसमा सम्पादकचाहिँ धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल छन् ।

झिसमिसे– यहाँको मूल अध्ययन केबाट प्रारम्भ भयो ? इतिहासतर्फ यहाँ कसरी आकर्षित हुनुभयो ?

पन्त– मैले पढेको विषय सिद्धान्तज्यौतिष हो । सिद्धान्तज्यौतिष भनेको के भने पृथ्वी कस्तो हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको नापो कति हुन्छ, त्यो नापो कसरी पत्ता लगाउने आदि कुरा जान्ने विद्या हो । त्यो विद्या पढ्नाका लागि केही सामान पनि चाहिन्छ । पढ्ने मान्छे साथी पनि चाहिन्छ । यस्तो कुरा यहाँ केही मिलेन । खालि पुस्तक पढेर मात्र हुँदैन । कसैले यो पृथ्वी २००० कोसको छ भन्छ र कसैले यो पृथ्वी ६ हजार कोसको छ भनेर भन्छ । २००० कोसको छ कि ६००० कोसको । यहाँबाट चन्द्रमा २ लाख कोस टाढा छ भनिन्छ । २ लाख कोस छ कि ३ लाख । मुखले भन्ने कुरा एउटा हो, वास्तविकता अर्को हो । यी सबै कुराको निर्णय गर्ने विद्या ज्यौतिष हो । यहाँ त खालि मुखले भन्ने मात्र कुरा छ । यहाँ त्यस्तो पढाइ छैन । त्यस्तो भएको हुँदा मेरा मनमा असन्तोषको भावना उठ्यो । मलाई त्यसको परीक्षण गर्नुपर्छ भन्ने लाग्यो । जस्तै- यो चश्माको पावर कति छ । ३, ४, ५, ६ कति छ, कति छ । गम्भीरतासँग लागेमा सबै कुरा थाहा हुन्छ । यहाँ लागी लागी गरौँ भन्ने भावना छैन । एक्लै गरौँ , सकिँदैन, साथी भेटिँदैन । मेरा मनमा के लाग्छ भने जुन कुरा पढिन्छ, त्यो कुराको प्रभाव मनमा खेल्छ । जस्तै- कसैले रेखागणित पढ्दा यो चार हात छ, यो तीन हात छ भने यो पाँच हात हुन्छ भनेर निकाल्छ । यस्तै चारको वर्ग १६, तीनको वर्ग ९ जोड्दाखेरिमा २५ हुन्छ भने २५ को मूल ५ हुन्छ भन्ने निस्कन्छ । यस्तै कुरा मेरा मनमा पनि चढ्यो । मैले सिद्धान्तज्यौतिष पढेँ । यी सबै कुरा मैले पहिले पनि लेख्या छु । पढौँ भन्ने इच्छाचाहिँ यसरी नै भयो ।

अब अर्को कुरा अहिले सुन्यावच्या कुरा भयो त इतिहासकै कुरा । एउटा कुरा छ- पृथ्वीनारायण कहिले जन्मे, कहिले मरे भन्ने कुरा । त्यसको प्रमाण खोजेका खण्डमा प्रमाण भेट्टाइन्छ । भेट्टाइन्छ भनेको टाढा टाढा पुगेर खोज्नुपर्छ । जस्तै- एउटा कुरा भनौँ न, म मावलीमा पालिएँ भनेर मैले धेरैबाजि भनिसकेको छु । मेरा मावलीका बाजेका मनमा शङ्का भएछ- पृथ्वीनारायणको छोराको नाम क्या हो ? कोही भन्थे सिंहप्रताप, कोही प्रतापसिंह भन्थे । कुनचाहिँ नाम ठीक हो भन्ने शङ्का बाजेका मनमा भएछ । राजाको त टकमारी हुन्छ, उनको टकमा के लेख्या छ, टक जम्मा गर्नुपर्‍यो भनेर हाम्रा बाजेले टक जम्मा गर्न लाग्नुभएछ । टकमा त सिंहप्रताप लेख्या छैन, प्रतापसिंह लेख्या छ । उनको राज्यकालको टकमा मात्र नभएर वसन्तपुरमा रहेको शिलालेखमा पनि प्रतापसिंह लेख्या छ । यताबाट हाम्रा बाजेले प्रतापसिंह शुद्ध नाम हो भनेर निर्णय गर्नुभएछ । कुरा के भने यसरी निर्णय गर्ने प्रवृत्ति भएन ।

अहिले अर्को एउटा कुरा पनि भन्छु । त्यो के भने डिल्लीरमणले पनि किताब र लेखहरू लेखे । यस्तो कुरा पाइयो भनेर पनि लेखे । उनले लेखेको मितिमा प्रकाशित पुस्तक पनि छँदैछ । अरू छापिएका पुस्तक पनि हेरे सबै थाहा पाइहालिन्छ । त्यसरी हेर्ने र तथ्य पहिल्याउने काम यहाँ हुँदैन । खालि हामीले पहिले छापिसकेको कुरालाई पनि अप्रकाशित भनेर डिल्लीरमण हिँड्छन् ।

ज्ञानेन्द्रलाई गद्दीमा राखेको त हाम्रो आँखाले नै देख्यो । त्यो बेला कोही मान्छेले केही बोलेनन् । त्यो बेलामा नेहरूले स्वीकार गरेनन् र हुँदैन भनिदिए, अनि बल्ल यहाँका मान्छेले बोले । त्यसैले यहाँका मान्छेले प्रजातन्त्र ल्याएका हुन् त ? पछि नेताहरूले हामीले प्रजातन्त्र ल्यायौँ भने । त्यो भए शुरूमा उनीहरूले किन बोलेनन् त ? कुरा स्पष्ट छ, प्रमाण भएको कुरा त्यहीँ छ, पढौँ । हावादारी कुरामा केही छैन । हामीले कतिपय तथ्यका शिलापत्र दिएका छौँ, शिलापत्र छन्, किताबहरू लेखिदिएका छौँ । तिनलाई पढौँ । जस्तै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटा कुरा भनूँ । हामीले *लिच्छविसंवत्को निर्णय* लेख्यौँ । पाटन सुनधाराको अभिलेखमा **प्रथमपौषशुक्ल** लेखिएको छ । त्यो शिलालेख त यहीँ थियो । त्यो शिलालेख यहाँका मान्छेले हेरेनन् । पुस्तक हेर्ने चलन पनि यहाँ छैन । बेण्डालले आएर हेरे । उनले सोधे- **प्रथमपौष** भनेको के हो ? यहाँका मान्छेले त्यस्तै त्यस्तै हो भने, राम्रो अर्थ गर्न सकेनन् । पछि लेवी आए । लेवीले पनि त्यसको अर्थ गर्न सकेनन् । लेवीले पुस्तक फ्रेञ्च भाषामा लेख्या छन् । फ्रेञ्च भाषा यहाँ कोही बुझ्दैन । त्यो किताबचाहिँ लेवीले चन्द्रशमशेरलाई संस्कृतभाषामा समर्पण गर्‍या छन् । त्यो काम किन गरे लेवीले ? पुस्तक लेखे फ्रेञ्च भाषामा, समर्पण गरे संस्कृतभाषामा । अब हामीलाई लाग्या अर्थ है, त्यो अर्थ हो वा होइन- चन्द्रशमशेर फ्रेञ्च बुझ्दैनथे, अङ्ग्रेजी बुझ्थे । **ही स्पोक् पर्फेक्ट् इङ्ग्लिश्** भनेर उनका बारेमा लेखिएको छ । उनी अङ्ग्रेजी राम्रो बोल्न-बुझ्न सक्थे । लेवीले चन्द्रशमशेरलाई फ्रेञ्च भाषामा समर्पण गरून्, चन्द्रशमशेर फ्रेञ्च बुझ्दैनथे, अङ्ग्रेजी भाषामा समर्पण गरून्- उनको राष्ट्रभाषा अङ्ग्रेजी होइन, अर्काको भाषा भो । अर्काको भाषामा समर्पण गर्नु राम्रो लागेन र चन्द्रशमशेरलाई संस्कृतमै उनले समर्पण गरे । चन्द्रशमशेर केही मात्रामा संस्कृत बुझ्थे । उनी पूजाकोठामा आएर पूजा गर्थे र आफैँ सङ्कल्प पढ्थे । फेरि अर्को कुरा चन्द्रशमशेरका मान्छे हेमराज, माहिला गुरुज्यू । हेमराज अङ्ग्रेजी बुझ्दैनथे, संस्कृत बुझ्थे । लेवीसँग उनको कुरा संस्कृतमा हुन्थ्यो । त्यो चिठीपत्र मैले छपाएको छु यहाँ । लेवीले संस्कृतमा समर्पण गर्‍या छन् हेमराजलाई । उनले यी कस्ता मान्छे हुन् भनेर हेमराजका बारेमा लेख्या छन् । हेमराज चन्द्रशमशेरका मान्छे हुन् भन्ने कुरा सबैलाई थाहा भएको कुरा हो । अब लेवीले हेमराजलाई नै **प्रथमपौष** भनेको के हो भनी लेखेका छन् । यसका बारेमा मैले लामो लेख लेख्या छु । हेमराजको लेखपढको काम गर्ने हाम्रा बाजे हुनुहुन्थ्यो । उहाँ त्यस बेला पात्रो गन्ने काम गर्नुहुन्थ्यो । **प्रथमपौष**बारे त्यहाँ कुरा उठ्यो ।

पर्दैनन् अधिमास पौषतिरमा हाम्रो यता संप्रति
सक्दैनन् त्यसलाई ल्याउन कुनै पञ्चाङ्गका पद्धति ।
पाइन्छन् तर लिच्छविक्षितिपका पाषाणका लेखमा
के हो यो घटना भनेर उहिल्यै सानै छँदामा सुनेँ ।।
विस्तारै ग्रहलाघवादिक पढेँ, पञ्चाङ्ग गन्ने भएँ

लेवीले फ्रेञ्च भाषाको पुस्तकमा के लेखे भनेर चन्द्रशमशेरलाई जान्ने इच्छा भयो र सो पुस्तकलाई अङ्ग्रेजीमा अनुवाद गराए । त्यो पुस्तक चन्द्रशमशेरको संग्रहमा छ । **प्राइभेट् लाइब्रेरि अफ् चन्द्रशम्शेर्** भन्ने छाप त्यस अनुवादमा लगाइएको छ । केसरपुस्तकालयमा पनि त्यो छ । त्यो पुस्तक चन्द्रशमशेरले हेरे वा हेरेनन्, त्यो थाहा छैन । के थाहा छ भने चन्द्रशमशेरले अनुवाद गराइदिएकाले त्यसको भाव हामीले बुझ्यौँ । चन्द्रशमशेर नभइदिएका भए हामी लेवीको पुस्तकमा के लेखिएको छ भन्ने थाहा पाउने थिएनौँ । भारतीय विद्वान्हरू पनि जम्मैले फ्रेञ्च भाषा जान्दैनन् । राधागोविन्दले लेवीको पुस्तकको खण्डन गरे । रमेशचन्द्र मजुमदारले लेवीले लेखेको भाव राधागोविन्दले बुझ्दै बुझेनन् भने । लेवी त कुनै नेता थिएनन् नि । यहाँ त नेताजीको मात्रै मान हुन्छ, विद्वान्को मान नै हुँदैन । जो नेताजी भयो, ठूलो भयो त्यो । यस्तो नेता, उस्तो नेता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेवी यहाँ धेरै पालि आए । उनी **प्रथमपौष**को अर्थ के हो भन्थे । त्यो कुरामा हाम्रा बाजेले गरेको गणना यहीँ छ । यहाँ यो काम गर्नलाई चन्द्रशमशेरले हेमराजलाई अह्राए वा अह्राएनन्, त्यो थाहा छैन । चन्द्रशमशेरलाई त हामीले देख्या मात्रै हो, सम्मुख पर्ने मान्छे हामी होइनौँ ।

मलाई एउटा शङ्का छ । शङ्का के छ भने चन्द्रशमशेरलाई मन नपरी हेमराज काम गर्दैनथे । चन्द्रशमशेरलाई मन नपऱ्या भए अरूलाई खटाएर खोपासीको उत्खननको काम हुँदैनथ्यो । मैले यो कुरा लेख्या छु । खोपासी भन्ने ठाउँ छ काभ्रेको पनौतीनजिकै । त्यहाँ एउटा विष्णुप्रसाद भन्ने वीरपुस्तकालयका हाकिमले चन्द्रशमशेरलाई एउटा बिन्तीपत्र चढाए- यहाँ मुन्तिर धेरै हीरामोती छन् । शिलालेखमा लेख्या छ । अनुष्ठान गऱ्या खण्डमा पाइन्छ । चन्द्रशमशेरले हीरामोती पाइन्छ भने बेसै भयो, यिनलाई अनुष्ठान गर्न जे जे चाहिन्छ दिनू भने । उनले दुइटा मान्छे खटाए । चन्द्रशमशेरका आफ्ना मामाका छोरा थिए डिल्लीशमशेर थापा । यिनी नरप्रतापशमशेरका बाजे थिए । चन्द्रशमशेरले अर्को आफ्नो मान्छे हेमराजलाई खटाए, विष्णुप्रसादले जे जे भन्छ गरिदिनू भनेर । सिपाही पनि खटाइए । उत्खनन गरियो, तर के पाइन्थ्यो, पाइएन । त्यो असफलै त भएन, शिलालेख पाइयो । चन्द्रशमशेर यस्ता काम गर्थे । पछि त्यो शिलालेख चन्द्रशमशेरले लेवीकहाँ पठाइदिए ।

अब अर्को कुरा छ, अहिले भन्यो भने त रिसाउँछन् । जायसवालको एउटा पुस्तक छ । तपाईँले थाहा पाउनुभएको होला । त्यसमा के लेखेको छ भने नेपाल भनेको भारतको उपनिवेश हो । सो पुस्तक अङ्ग्रेजीमा छ । त्यहाँ एउटा शिलालेख दिइएको छ । संवत् ४३५ को शिलालेखलाई संवत् ४१५ को भनेर जायसवालले छपाए । नेपाल भनेको भारतको उपनिवेश हो भनेर सिद्ध गर्ने जायसवालको इच्छा भयो । त्यो ४३५ को जुन अङ्क अहिले पनि छँदैछ, त्यसलाई ४१५ भनेर छपाए भनी मैले लेखेको छु । अब यहाँका शिलालेख कसले पढ्ने । बाहिरका मान्छे आएर पढ्छन्, यहाँका मान्छे पढ्दैनन् । हाम्रा यहाँ नेताहरूमा पढ्ने डिल्लीरमण रेग्मी । अरूले यहाँ पढ्न पनि पढ्दैनन् । अरू नेताहरू एकदम महान् नेता छन्, उनीहरूले पढ्नै पर्दैन । यसैले इट् ह्याज् बीन् पब्लिश्ड् याट् फर्स्ट् टाइम्, डिस्कोभर्ड् बाइ मी, अन्पब्-लिश्ड् भनी डिल्लीरमणले हामीले छपाएका अभिलेख आफ्ना नाममा दर्ता गरे । *गोरखापत्र*मा आउँछ वरिष्ठ इतिहासकार, वरिष्ठ राजनीतिज्ञ । कुरो यस्तै छ, सबै स्पष्ट छ । अब म इतिहासतिर किन आकर्षित भएँ हुँला भन्ने कुरा तपाईँहरूले राम्ररी नै बुझ्नुभयो होला भन्ने म ठान्दछु ।

झिसमिसे– यहाँ ऐतिहासिक सत्यतथ्यमा दृढ अडान राख्नुहुन्छ । संशोधन-मण्डलका माध्यमबाट यहाँले नेपाली इतिहासमा ठूलो योगदान पनि गर्नुभएको छ । यहाँले आफ्नो अध्ययन कसरी अघि बढाउनुभयो ?

पन्त– अहिलेभन्दा ६१ वर्षपहिले वि.सं. १९९६ सालमा सिद्धिचरण श्रेष्ठले के भने भने लगनटोलमा तार्क्ष्यविक्रमको घरमा लिच्छविकालका अभिलेख छन् । मलाई हेर्न मन लाग्यो, जानलाई अलि सङ्कोच पनि लाग्यो । सङ्कोच किन लाग्यो भने त्यो राणाजीको घर थियो । तार्क्ष्यविक्रम भनेका राणाजी, राणाजीका घरमा पस्न दिन्छन् कि दिन्नन्, पस्न दिए भने त बढियै भयो, दिएनन् भने त घोक्र्याइदिन्छन् अर्काका घरमा भन्ने लागेको थियो । जाऊँ-नजाऊँ भन्ने मेरा मनमा भयो । बाबुराम खर्दारसँग त्यस बेलामा मेरो सङ्गत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थियो । मैले उनलाई त्यो कुरा भनेँ । उनले मैले पनि सुन्या छु, जानुपऱ्यो भने । मैले कहिले जाने भन्दा पर्सि शनिवार छ, भोलि म तिमीकहाँ आउँला, तिमी र म जाउँला भनेर उनले भने । शनिवार उनी आए पनि । अरू मान्छे कोही थिएनन् । महेश-दिनेश त जन्मेकै थिएनन् । अरू विद्यार्थीहरू कोही थिएनन् । खर्दारबाजे, म र रामजी थियौँ । हामी तीन जना मान्छे त्यहाँ गयौँ । त्यहाँ गएपछि ढोकामा किन आएको भनेर माथिबाट सोधियो । हामीले शिलापत्र हेर्न आएको भन्यौँ । कहाँबाट आएको हो भनेर फेरि सोधिएपछि बाबुरामले घण्टाघरबाट आएको भने । उनीहरूले त्यहाँ गएर हेर भनेपछि हामी शिलापत्र भएको ठाउँमा गयौँ । त्यहाँ फोहर रहेछ । फोहर भनेको विष्टासिस्टा होइन, धारानिर भएकाले पानीले भिज्या रहेछ, काई पऱ्या रहेछ । त्यहाँ तीनवटा शिलापत्र रहेछन् । हामीले पुछ्ने रुमाल पनि लिएर गएका थियौँ । मट्टितेल किनेर ल्याएर मट्टितेलले शिलापत्र पुछ्यौँ । बाबुराम त अलि आँखा नदेख्ने भइसक्या थिए, रामजी र मैले पढ्यौँ । नरेन्द्रदेवको भनेर पढ्यौँ- **जात्या लिच्छविराजवंशमनघं योलङ्करोत्युच्चकैः** ।

नरेन्द्रदेव लिच्छविवंशका भए । नरेन्द्रदेवका बाबु उदयदेव । यताबाट उदयदेव पनि लिच्छविवंशका हुने भए । उदयदेवका बाबु को । अहिले के कुरा उठ्या छ भने अंशुवर्मा लिच्छविवंशका हुन् कि होइनन् । उदयदेव लिच्छविवंशका हुन् । युवराज उदयदेवलाई अंशुवर्माले उत्तराधिकारी बनाए । परन्तु अंशुवर्मा लिच्छविवंशका होइनन्, किनभने उनले आफ्नो वंश कहीँ पनि लेखेका छैनन् । अब घटना के भयो त भने अंशुवर्मा कंसरी शक्तिमा आए, कताबाट आए, तिनका बाबु को हुन्, तिनका छोरा को हुन् भन्ने कुरा मनमा खेल्छन् । मानिसले शङ्का उठाएका पनि छन् । अब निर्णय कसरी गर्ने । पुस्तक पढ्नुपऱ्यो । छलफल गर्ने मान्छे पाइँदैन । यसो घोरिएर आफू बस्यो, अरू मान्छे आउँछन्, राम्रो कुरा पनि हुँदैन । उनीहरूका मनमा यो कस्तो खालको मान्छे रहेछ, आदर पनि गर्दैन, राम्ररी कुरा पनि गर्दैन भन्ने लाग्न सक्छ । विद्या पढ्नलाई के चाहिन्छ भने तद्विद्यसम्भाषा चाहिन्छ । तद्विद्यसम्भाषा भनेको के भने त्यही विद्या पढ्ने मान्छेसँग सम्पर्क चाहिन्छ । हाम्रो यहाँ यस्तो चलन छैन । हाम्रो यहाँ राणाजीका पालामा चाकरी गरेर हिँड्ने प्रवृत्ति आयो । राणाजीको राज्य गयो, अर्कै राजनीतिक प्रवृत्ति आयो । त्यसमा राजनीति व्याप्त रह्यो, विद्याको कुनै मूल्य भएन । हामीले कति शिलालेख पढ्यौँ, कति लेख्यौँ, कति परिश्रम गऱ्यौँ- उनीहरूलाई त्यसको मूल्य हुँदैन । अंशुवर्मा हुन् कि नहुन्, केही पाया छैन, अरूले पनि केही पाएका छैनन् । लेखेर मात्र केही पाइँदैन । त्यस्तो किन भयो भने हाम्रो देशमा विद्या बढ्या छैन । अन्तबाट सहयोग पाउने कम आस हुन्छ । हामीले कति परिश्रम गरेर खोज्या कुरो शिलापत्र छँदै थियो, उनले पढेनन् । उनले के खोजे भने शिलापत्रमा के लेख्या छ । त्यो शिलापत्रमा यङ्गाल दरबार भन्ने लेख्या छ । उनीहरू ठूला मान्छे, दरबारमा बसेका मान्छे ! दरबारकै हिसाबले आउँछन् । त्यहाँ त दरबार लेख्या होला भन्थे, त्यही भाव छ । जस्तै- अहिले हाम्रो देशमा सबैको सहयोग पाइने पनि के, विरोध पाइने पनि के ।

हामीले *सुमतितन्त्र* सम्पादन गऱ्यौँ - म, देवीप्रसाद र दिनेशराज भएर । त्यो पुस्तकचाहिँ नेपालमै बनेको हो । नेपालको नाउँ कतै लेख्या छैन । नेपालमै बन्यो भन्ने प्रमाण के ? ह्याँचाहिँ देशको अक्षांश-देशान्तर दिएको हुन्छ । जुनसुकै देशको पनि हुन्छ । हाम्रो देशमा कति अक्षांश छ, कति देशान्तर छ, त्यो त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अरूसँग मिल्दैन । यहींको देशान्तर छ । नेपालको कुरो छ, कन्याद्वीप भनेर लेख्छन् । कन्याद्वीप भनेर त्यो मान्छेले किन लेख्यो । कुरो यो हुन्छ, हेर्नोस् ।

अंशुवर्माको एउटा शिलालेख छ । कहाँ भनेर टिस्टुङमा छ । त्यहाँ अंशुवर्मा के लेख्छन् भने **अनतिवृत्तार्य-मर्यादासेतुः । म आर्यसिद्धान्तबमोजिम राज्य गर्छु** भन्छन् । त्यस्तो कुरा उनले किन लेखे । त्यसको व्याख्या गर्नुपर्‍यो । त्यस विषयको मान्छेको संसर्ग हुनुपर्‍यो । त्यस्ता मान्छे ह्याँ पाइँदैनन् । लेखेर कति परिश्रम गर्‍यो, आफ्नो परिश्रम प्रशस्त पर्छ । यस्तै छ ।

बाबुराम खर्दार थिए । बाबुराम मभन्दा एक पुस्तामाथिका हुन् । उनको जेठो छोरो र म एकै वर्ष जन्मेका हौँ । उनकामा म जान्थेँ, बस्थेँ । उनले केही पनि पाएनन् । खान पनि गाह्रो थियो उनलाई, मैले लेख्या छु-

थिएन तिम्रो मन चाटुकारको थिएन बोली पनि चाटुकारको ।
अत्यन्त नै उच्च विचार यो थियो परन्तु यो दुर्गुण नै यहाँ भयो ।।

आजसम्म मैले यस्तो मान्छे देख्या छैन- जो मान्छे जत्ति जागीरमा भर्ना भयो, उत्ति जागीरमा खोसियो । उनको जागीरलाई लक्ष्य गरेर मैले लेख्या छु-

खाने बढे, भाउ बढ्यो बजारमा, गार्हस्थ्यको बोझ असह्य झैँ भयो ।
चिन्ता बढ्यो चित्त उराठ भै गयो, ... ।।
यस्तो हुँदामा पनि धैर्यधारण गरेर लेख्यौ श्रम नै गरीकन ।

यहाँ यस्तै हुन्छ । अब डिल्लीरमण आए । हामीले छपाइसक्या जम्मै लेखलाई खुरुखुरु अप्रकाशित (unpublished) भनेर छपाए । हामीले छपाएका शिलालेखलाई यो पहिलोपटक प्रकाशित भएको छ (It has been published at first time) भनेर छपाए । उनको नाउँ चल्या छ । उनी राजनीतिक क्षेत्रका मान्छे, विद्याका क्षेत्रमा पनि नाम कमाइहाले । हामीले भन्यौँ भने अरूलाई दुष्ट भनेर भन्छन्, गाली गरेर हिँड्छन् । वरिष्ठ राजनीतिज्ञ, इतिहासकार ठहरिन्छन् उनी । हामीले लेख्या ४० वर्ष भयो, कसैले सुन्दैनन् । अहिले फरक के छ भने राणाजीका पालामा यस्तो भनेका भए झ्यालखानामा हालिदिन्थे, अहिले झ्यालखाना हाल्न सक्दैनन् । जस्तै- आफ्नै आँखाले देख्या त होइन, सुनेको कुरा- भीमशमशेर महाराज भए । उनको कान्छा कालिगढ भन्ने एउटा मानिस थिए । उनी उनका मन परेका थिए । भीमशमशेरले ती कालिगढलाई सुब्बा दिए । सुब्बा उस बेला ठूलो पद । उनले सुब्बा पाएपछि बाहिर कोही मान्छेले उनलाई तिमी सुब्बा भयौ भनेर भनेछ । उनले मलाई गिज्यायो भन्ने सम्झे । उनले गएर भीमशमशेर महाराजसँग बिन्ती चढाउँदै भने, मलाई मान्छेले गिज्याउँछन् । भीमशमशेरले बोला भनेर तिनीहरूलाई बोलाए । भीमशमशेरले तिनीहरूलाई भने, तिमीहरू गिज्याउँछौ रे हो । बदमाश छौ तिमीहरू, तिमीहरूलाई निकालिदिन्छु । निकाल्ने सिलसिलामा यहाँका मान्छेलाई पोखरा पठाइदिए । यस्तै गरी यहाँ चोर भन्छस् भन्न सक्दैनन्, दण्ड गर्न सक्दैनन् । हाम्रा लेखहरू चोर्दैछन्, वरिष्ठ राजनीतिज्ञ, वरिष्ठ इतिहासकार बनेर चोर्दैछन् । दुनियाँ बुझ्दैनन् । अरूलाई वास्तै छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण पनि अरू जति सफल छैनन् । उनको राजनीति सफल छैन । मन्त्रिपदमा धेरै टिकेनन् । प्रधानमन्त्री हुन सकेनन् । उनको राष्ट्रिय कांग्रेस पनि चल्या छैन । अरू नेतामा भन्दा उनमा विद्या बढी छ । त्यही विद्याले गर्दा यस्तो भयो । उनी पढ्छु पनि भन्छन् । हाम्रो किन चोरे उनले । राम्रो लाग्यो, त्यस्तै लेखौँ भने परिश्रम पर्ने भयो । हामीलाई निर्धो देखे उनले । यिनको चोरेर केही हुँदैन भन्ने सम्झे उनले ।

राणाजीका पालामा कुरै भएन । पढ्न पनि दिइँदैनथ्यो । अहिले परिवर्तन आयो । देश छ गरीब, खानेकुरो पनि छैन । नेपालका मान्छेको केही कुरामा पनि ख्याति छैन । एउटा ख्याति के छ भन्नुहोला भने ह्याँका केही मान्छेहरू सैनिक वृत्तिमा प्रख्यात भएका छन् । त्यो पनि ह्याँ हुँदैनथ्यो, पृथ्वीनारायण शाहले गरेर भएको हो । जो मान्छे राम्रोसँग लडाइँ गर्न जान्दछ, जसले लडाइँमा दुइचारबाजि यश कमाउँछ, त्यसलाई सेनापति बनाइदिनू भनेर उनले भने । जस्तै, उनले कालु पाँडेलाई आफ्नो काजी बनाए । त्यहाँ उनले बोलेका छन्- मलाई त विराज बखेतीलाई कज्याइँ दिन मन लागेको थियो, परन्तु बढ्ता बुद्धि कालु पाँडेकै देखियो र कालु पाँडेलाई काजी बनाएँ । उनले गुणको कदर गरे । ह्याँ गुणको कदर हुँदैन, आफ्ना मान्छेलाई मात्र दिन्छन् । भीमसेन थापाका पालामा पनि त्यस्तै भयो । भीमसेन थापाका भाइभतिजा जर्नेल भए, अरू कोही पनि भएनन् । उनले सेनापति हुन योग्य मान्छे अरू कोही पनि देखेनन् । भीमसेन थापा आफू त योग्य थिए, उनका बाबु पनि अतियोग्य भए र बाबु पनि जर्नेल भए । उनका भाइभतिजा पनि योग्य नै ठहरे । राणाजीका पालामा पनि त्यस्तै भयो । उनीहरूबाट जर्नेल भए, अरू कोही भएनन् । अरूले जाने पनि हुँदैनन्, नजाने पनि हुँदैनन् ।

एकबाजि मलाई आश्चर्य लाग्यो । समितिमा म थिएँ । समितिमा सभा हुन्थ्यो । त्यहाँ बालकृष्ण सम थिए । त्यहाँ बस्या बेला खड्गनरसिंह पनि आए । उनी राणा परिवारका हुन् । उनी कर्नेल भए पनि बालकृष्ण समलाई सलाम ठोके । बालकृष्ण समचाहिँ मेजर कप्तान मात्र थिए । ऊ पनि राणाजी, ती पनि राणाजी । किन त्यसो गरे होलान् भन्ने लाग्यो । त्यहाँ सोध्नु त भएन । पछिबाट सोधेँ । कुरा के रहेछ भने बालकृष्ण सम सत्र भाइ राणाजी । सत्र भाइ राणाजीलाई अरू राणाजीले कर्णेल भए पनि सलाम ठोक्नुपर्ने रहेछ । त्यसैले कर्णेलले मेजरलाई सलाम ठोक्यो । अरू कुरो के भने यहाँ गुणको, योग्यताको कदर छैन ।

झिसमिसे– यस उमेरसम्म पनि यहाँको प्राज्ञिक ज्ञान र अनुभवबाट राष्ट्र लाभान्वित भइरहेको छ । यसका निम्ति एउटा लामो सङ्घर्ष यहाँले गर्नुभयो । यस सिलसिलामा सँगाल्नुभएका महत्त्वपूर्ण अनुभूति र अनुभवबारे केही भन्नुहुन्छ कि ?

पन्त- मेरो उमेरसम्म मेरा पुर्खा कोही बाँच्या थिए कि थिएनन्, मलाई थाहा छैन । कसैले कोही बाँच्या देख्या पनि छैन । म यतिसम्म बाँचेँ । एउटा मान्छेले त मलाई आएर यति धेरै काल केले बाँच्यौ भनेर पनि सोधे । यो उमेरमा अब अरू काम के गरौँ । दिनेश नभएको भए अहिले म तपाईँसँग कुरा पनि गर्न सक्दैनथेँ । यो मेरो जेठो नाति प्रकाश, छोरीको छोरो । उसले एउटा पुस्तकको अनुवाद गरिदिएको छ । हिन्दूहरूको ज्यौतिषशास्त्र जो छ, त्यो जम्मै ग्रीकहरूको अनुवाद हो । हिन्दूहरूको स्वभाव के छ भने उनीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तबाट चोरेर ल्याउँछन् । चोरेर ल्याएको चीजलाई उनीहरू आफूहरूलाई देउताले दिएको भन्छन् । हिन्दूहरूले आफ्नो ज्यौतिषशास्त्रलाई ग्रीक शास्त्रको अनुवाद हो भनेर मुखले बोल्दैनन् भनेर थिबोले लेखेका छन् । उनको पुस्तक अङ्ग्रेजीमा छ । त्यो पुस्तक सबैले हेर्न सक्तैनन् । यी प्रकाशलाई नेपालीमा अनुवाद गरिदेऊ भनेर मैले भनैं, यिनले अनुवाद गरिदिए । ६।७ वर्ष यस्तै भयो, उनको नाउँमा छाप्या छ । अरू लेख पनि त्यस्तै गरी धेरै छन् । ती लेख पनि छपाउने गर्नुपर्छ भन्ने इच्छा छ, यिनलाई मैले भन्या पनि छु । अनुकूल पर्‍या छैन । प्रकाशको पनि धेरै काम छ । छोराछोरी छन्, बिहा गर्नुपर्छ । यस्तो कामबाट केही आउँदैन । यस्तो काममा मान्छे प्रवृत्त पनि हुँदैनन् । अब दिनेशले गर्न सक्दिनँ भन्दियो भने सिद्धियो । मेरा यहाँ पुस्तक छन्, यी पुस्तक कहाँ छन् भनेर म खोज्न सक्तिनँ । बुहारीले पकाएर भात खान दिन्छिन्, पुग्यो ।

हेर्नोस्, मेरो आँखा बिग्रा अहिले कति भयो भने पचास वर्ष भयो । वि.सं. २००७ मा प्रजातन्त्र आयो यहाँ, वि.सं. २००८ मा मेरो आँखा अलि कमजोर भए जस्तो भयो । कमजोर भएपछि मैले नयाँ सडकमा पुरानो भन्सारनिर रहने सूद भन्ने पञ्जाबी डाक्टरलाई गएर देखाएँ । उनले तिम्रो आँखामा मोतियाबिन्दु भयो, तुरुन्तै अप्रेशन गर्नु हुँदैन, पाक्नुपर्छ, अहिले त्यत्तिकै बस, पछि अप्रेशन गर्नुपर्छ भने । त्यस बेला यी प्रकाशकी आमाको विवाह पनि भएको थिएन । अहिले यो घरमा आएर म बस्या छु, म विचार गर्छु- रातिमा १० जना मान्छे खुकुरीसहित आएर तँलाई मारिदिन्छु भने भने के गर्ने । म केही गर्न सक्छु । केही त गर्न सक्तिनँ । यस स्थितिमा अरू के प्राज्ञिक काम गर्ने ?

सुन्नोस्, एउटा कुरा छ । संशोधन-मण्डलका पहिलेका संशोधनपत्रहरू विद्यार्थीहरूका नाममा निस्क्या छन् । पहिले म मेरा नाउँबाट आफैं निकाल्थैं । आफूले लेख्न नसक्ने भएँ । अरूलाई लेख भनेर आफ्ना नाउँमा छपाउनु त भएन । अहिले म अर्काको सहायता नलिई काम गर्न सक्तिनँ । तपाईंहरूको मुख म राम्रोसँग देख्न सक्तिनँ, भन्या सुन्दिनँ । पुरानो संस्कार मात्रै हो, नयाँ संस्कार त भएन । आँखा कमजोर भएको यतिका वर्ष भइसक्यो, खान पनि सकिएन र हिँड्न पनि सकिएन भने यति पनि बोल्न सकिँदैन । जस्तै- यहाँ पुस्तकहरू छन्, ती पुस्तक के हुन्, म चिन्दिनँ ।

मैले भनेको छु माहिला गुरुज्यूका छोराले पुस्तक बेचे भनेर । तिनै माहिला गुरुज्यूले मलाई एक दिन के भने भने संस्कृतशिक्षाका लागि के गर्नुपर्छ, भन । यो दिनेश एक वर्षको पनि भएको थिएन । तिनताका हाम्रा महेशहरूचाहिँ दिनभरि बसेर पढ्थे । एक दिन मैले दिनभर बसेर लेखैं । ६ बज्ने बेला म माहिला गुरुज्यूकहाँ गएँ र हाजिरी पठाएँ । उनी बडादमी मान्छे । ढोकेले आएर के भन्यो भने यति बेला किन आएको । मैले कागज चढाउन आएको भनेपछि कागज दिने भए दिनुहोस् भनी ढोकेले भनेकाले कागज पठाइदिएँ । ढोकेले माथि आउने भए आउनू रे भनेर भन्यो । म माथि जाँदा माहिला गुरुज्यू सुत्या थे, उनीसँग दुइ-तीन जना मान्छे बस्या थे । तिनमा एउटा उनका छोरा केसरिराज र अर्काचाहिँ दुर्गानिधि[१]– साम्बदेव पाँडेका बाबु । माहिला गुरुले मलाई यस बेला केको लहड हो नि भने । मैले हजुरले मर्जी भएको कुरा लेखेर

---

१. **दुर्गादेव** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ल्याएको भनेँ । भन्ने भए भन भनेर माहिला गुरुज्यूले मेरो कागत मैतिर फालिदिए । मैले कागत सुनाउँदै गएँ । यति पढेपछि मैले श्लोक बनाउन सकिने भन्ने कुरा पनि त्यसैबाट सुनाएँ । के के रे श्लोक बनाउने भनेर केसरिराजले भने । हाम्रा महेशहरू त्यस बेला श्लोक बनाउँथे । माहिला गुरुज्यूले केको श्लोक बनाउँछन्, ककाकिकी बनाउँछन् भने । मैले ककाकिकी होइन श्लोकै बन्छ, यो गफ गर्ने कुरा होइन, मैले अनुभव गरेर हेर्‍या छु, हजुरलाई हेर्न मन छ भने मान्छे ल्याएर देखाइदिन्छु भनेँ । केसरिराज जुरुक्क उठेर गए, उनलाई वज्रबाण भयो । बाबुले मलाई लौ भन भने र उठेर बसे । सुन्दै सुन्दै गएपछि उनले यस्तो लेख त भाषण दिन काम लाग्छ भने । उनले मैले पनि लेख्या छु, ल हेर पनि भने । उनले संस्कृतमहाविद्यालय खोल्नाका लागि लेखेका रहेछन् । श्री ५ महाराजाधिराज, श्री ३ महाराज, भारतीय राजदूत आदि सम्बोधन गरेर माहिला गुरुज्यूले लेखेका रहेछन् । राति ९ बज्यो । तिमीलाई पनि खानुपर्छ, मलाई पनि खानुपर्छ, अहिले जाऊ, पछि फेरि आएर कुरा गरौँला भनेर उनले भने । माहिला गुरुज्यू यस्ता विचारशील पुरुष थिए ।

एक दिन माहिला गुरुज्यूले मलाई बोलाइपठाए । यहाँ पादरीहरूलाई मल्ल राजाहरूले दिएका सनद छन्, अर्थ गर्नुपर्‍यो भने । मैले यस्तो काम फजुल हो भनेपछि किन फजुल हो भन्ने कुरा गरे । मैले अहिले टुची आएका छन्, यिनीहरू विद्या पढ्न आएका होइनन्, यिनीहरूको राजनीतिक काम छ, हामीले किन गर्ने भनेँ । केसरिराज झोक्किए र उनले के भने भने यस्तो कुरा गरेर काम चल्दैन । माहिला गुरुज्यूले यिनीहरू जासूस हुन् भन्ने तिमीसित के प्रमाण छ भनेर पनि सोधे । मैले प्रमाण भन्दै गएँ । ती प्रमाण छापिइसकेका छन् । प्रजातन्त्र आइसकेको थियो । एउटा कुरा छ- माहिला गुरुज्यूलाई सबैले गाली गर्छन्, यस्तो दुष्ट उस्तो दुष्ट भनेर, उनमा धेरै गुण थियो ।

एक दिन माहिला गुरुज्यूले मलाई बोलाएर तिमीलाई के भन्नु छ भनेर पनि उनले सोधे । *महाभारत-मीमांसा* हेर्न पाऊँ भनेर मैले भनेँ । अहिले त कहाँ कहाँ छ, कहाँ कहाँ छ, भरे आऊ भनेर उनले भने । कुन बेला आऊँ भन्दा उनले ५ बजे भने । ठीक ५ बजे उनका ढोकामा म गएँ । माथि गएपछि उनले चिन्तामणि वैद्यको पुस्तक दिए । यो पुस्तक मैले हेरेको छु, मैले हजुरले लेखिबक्सेको पुस्तक मागेको हुँ भनेँ । त्यो त कहाँ कहाँ छ, तिमीलाई म खोजेर पठाइदिउँला भनी उनले भने । २।४ दिनपछि उनको सिपाहीले त्यो पुस्तक ल्याएर मलाई दियो । केही दिनपछि माहिला गुरुज्यूले तिमीले पुस्तक हेर्‍यौ भनेर सोधेपछि मैले अलिअलि हेरेँ भनेँ । उनले बुझ्यौ कि बुझेनौ त भने । मैले प्रत्युत्तरमा केही बुझेँ, केही बुझिनँ भनेँ । उसो भए तिमीलाई म बुझाइदिन्छु भनी उनले भनेपछि कुन दिन आऊँ भनी मैले सोधेँ र फलाना दिन आऊ भनी उनले जवाफ दिए । लौ भनेर म बोलाएको दिन गएँ । उनले पुस्तक बाच भने र आफूले अर्थ गर्दै गए । मेरा कान त उति बेलै कमजोर, अहिले त ज्यादै कमजोर भइसक्या छन् । कराएर भन्नुपर्ने भयो । माहिला गुरुज्यूका नाति प्रकाश ए. राज ४।५ वर्षका केटाकेटी थिए । उनले कानमा आएर केही भने । त्यसपछि माहिला गुरुज्यूले जा जा, नकरा, मलाई गुरुमाले भनी पठाइरहिछ, नकरा धेरै नकरा भन्ने कुरा गरे । उनले मसँग कुरा गरेको उनकी स्वास्नीलाई मन परेको रहेनछ, त्यसको अर्थ यही हुन्छ । हामी त साधारण मान्छे, गरीब मान्छे न हौँ । त्यसैले म जस्तो मान्छेसँग गफ गरेर बसेको उनकी स्वास्नीलाई मन परेन । आफैँले आएर त भन्नु भएन, अनि तँ जा भनेर नातिलाई पठाइन् । मैले यो कुरा लेख्या छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्को एउटा कुरा छ । जस्तै- अहिले गुप्तसंवत् चल्या कति भयो । वि.सं. ३७६ देखि चल्यो यो संवत् भन्ने कुरा यहाँ भयो । मैले बाबुराम खर्दारसँग सोधेँ । उनले यसको प्रमाण छ, तिमीलाई पढ्न मन लाग्छ भने यूरोप जाऊ, ह्याँ बसेर प्रमाण पाइँदैन भने । कहाँ यूरोप जानु । यसको अर्थ बाबुरामलाई यो कुरा थाहा थिएन । मैले माहिला गुरुज्यूसँग वि.सं. ३७६ देखि गुप्तसंवत् चलेको भनी भन्छन्, के हो भनी सोधेँ । माहिला गुरुज्यूले मैले पनि लेख्या छु भने । मैले हजुरले लेखिबक्स्या त छ, प्रमाण बक्स्या छैन, मैले प्रमाण खोजेको भनेर भनेँ । उनले लौ आऊ, प्रमाण पाइन्छ कि त भनेर कोठामा लगे । धेरै कोठामा पुस्तकालय थियो, एउटामा लगे । त्यहाँ उनले एउटा पुस्तक झिकेर यसमा केही लेखेको छ कि हेर भने । फ्लीटले लेखेका रहेछन् । फ्लीटले के लेखेका रहेछन् भने अल्बेरुनीको वाक्य दिएका रहेछन् । अल्बेरुनी भनेका अरबका बासिन्दा हुन् । ६ को घन र ८ को वर्गको योग जति हुन्छ, त्यति सङ्ख्या गुप्तसंवत्मा जोडेका खण्डमा शकसंवत् हुन्छ भनेर उनले लेखेका रहेछन् । अरबी वाक्य जम्मै दिएका छन् । त्यस अरबी वाक्यको अङ्ग्रेजी अनुवाद गरेका छन् । अङ्ग्रेजी अनुवाद गरेर उनले त्यसको व्याख्या गरेका छन् । उनले अरू ठाउँमा लेखेका छन्- अहिले वि.सं. १०८८ छ, गुप्तसंवत् ७१२ छ । हेमराजले पुस्तकालय खालि त्यसै राखेका होइनन् । माहिला गुरुज्यूको सङ्गत नभएको भए म यति लेख्न सक्दैनथेँ ।

प्रश्न– राजनीतिमा यहाँको कत्तिको रुचि छ ? कुनै राजनैतिक सिद्धान्तप्रति प्रतिबद्ध हुनुहुन्छ कि ?

उत्तर– अब कुरो के भयो भने हाम्रो ह्याँ यस्तो किसिमको अवस्था आयो । जस्तै- ह्याँ अब प्रजातन्त्र आयो भन्छन् । प्रजातन्त्र आएको यति वर्ष भयो, सुख हुँदैन भन्छन् । गफै हुन्छन् । माओवादी र शेरबहादुरले कुरा गरे । के गरे, के गरे भन्छन् । ह्याँ त कुरो केही पनि छैन ।

एउटा कुरा के छ भने यूरोपमा पहिले विद्यामा क्रान्ति आयो, त्यसको धेरै वर्षपछि मात्र प्रजातन्त्र आयो । हाम्रो यहाँ पहिले प्रजातन्त्र आयो, विद्यामा क्रान्ति भने अहिलेसम्म आएको छैन । यूरोपमा आएको प्रजातन्त्र उनीहरूलाई फाप्यो, हामीहरूलाई फाप्यो वा फापेन । यूरोपमा प्रजातन्त्र एकैबाजि आएको होइन । विद्यामा क्रान्तिको लामो पृष्ठभूमि त्यहाँ पाइन्छ । जहाँसम्म मलाई थाहा छ- पहिले मान्छेहरू विभिन्न ग्रहहरूका बीचमा पृथ्वी छ र त्यसका वरिपरि चन्द्रमा, बुध, शुक्र, सूर्य आदि ग्रहहरू फन्फन् घुम्छन् भनेर भन्थे । कोपर्निकसले यो कुरा वाहियात हो, यो कुरा होइन, बीचमा सूर्य छन् र सूर्यलाई यी ग्रहहरू परिक्रमा गर्छन् भने । कोपर्निकसले यो कुरा भनेको अहिले चार सय वर्ष नाघिसक्यो । अरूहरूले त्यति बेला यो कुरा पत्याएनन् र यो कुरा खराब हो भने, तर केही मानिसहरू भने कोपर्निकसका पक्षमा थिए । त्यसभन्दा पछिबाट टाइको आए । टाइकोले केही कुरा थपे । त्यसपछि केपलर आए । केपलरले केही थपे । केपलरका पछाडि न्यूटन आए । केपलर आएकै ३०० वर्ष नाघिसक्यो । त्यसभन्दा पछि अहिलेभन्दा डेढ सय वर्षअगाडि यूरोपमा प्रजातन्त्र आयो । ३-४ सय वर्षसम्म विचार खेलिरह्यो, अनि मात्र त्यहाँ प्रजातन्त्र आयो । पहिला त्यसरी विचार खेल्यो मान्छेका मनमा, अहिले विचार खेलेकै छैन । अब उही मान्छेले अहिले एउटा कुरा बोल्छ, भोलिपल्ट अर्को कुरा बोल्छ । जस्तै- अब चन्द्रशमशेर थिए । धेरै मान्छेले उनलाई देखेका छन्, तपाईँहरूले देख्न पनि देख्नुभएन । उनका बेलामा लेखेका प्रमाणबाट उनका बारेमा थाहा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान्छेमा दोष पनि हुन्छ, गुण पनि हुन्छ । जम्मै दोषैदोष मात्र पनि हुँदैन, जम्मै गुणैगुण पनि हुँदैन । त्यस बेलाका कुराको गुणदोषको परीक्षा भएकै छैन । आफ्नो अनुकूल पऱ्यो भने मान्छे त्यही कुरा असल भन्छन्, अनुकूल परेन भने त्यही कुरा खराब भन्छन् । मान्छेमा बुद्धि कसरी आउँछ । त्यस्तो कुरा किन भयो भने बुद्धिको विकास यहाँ भएकै छैन । यो कुरामा त शासकको दोष छैन । जस्तोसुकै शासक आए पनि त्यो काम हुन सक्तैन । जम्मैलाई खान दिन कसले सक्छ । यल्लाई पनि मिठाई, उल्लाई पनि मिठाई, सबैलाई मिठाई मिठाई ।

यहाँ शासन-सुधार गर्नुपर्छ भन्ने कुरा उठ्यो । त्यो कुरा मान्छेले सुने । यसै सिलसिलामा **इन्क्लाब जिन्दाबाद** भन्ने शब्द आयो । मान्छेले अर्थ त बुझ्केनन् । असनमा चामल बेच्ने मान्छेले पनि शब्द सुने । उनीहरूले के सुने भने **ऐनकानून झिम्ना भा** । ऐनकानूनमा अब मोहरको १० मानाका दरले चामल दिनुपर्ने तोकियो, चामलको भाउ सस्तो भयो भन्ने अर्थ उनीहरूले बुझे । **इन्क्लाब जिन्दाबाद**को अर्थ कसैले नबुझेर क्या हो क्या हो भएको जस्तो अवस्था यहाँ छ । हामी आफैँले अनुभव गरेको कुरा हो त्यो । पद्मशमशेरकै कुरा लिऊँ । उनले म दुनियाँको सेवक हुँ, नोकर हुँ भने । उनका मनमा त्यस्तै कुरा खेल्या थ्यो । उनले चाहिने अधिकार पनि दिए । मान्छेले लेख्नेबोल्ने अधिकार पनि पाए । उनी असफल भए । सबैलाई पैसा दिन सकेनन् उनले । कसैले अधिकार खोज्या छ यहाँ । सबले पैसा खोजेका छन् । मान्छेका मनमा प्रजातन्त्रले यति लाभ हुन्छ, यति हानि हुन्छ भन्ने कुरा यहाँ उठेकै छैन । यस्तोमा जुनसुकै शासकले पनि केही गर्न सक्तैन ।

झिसमिसे– डिल्लीरमण रेग्मीले यहाँहरूबाट प्रकाशित भएका सामग्रीलाई चोरी गरेर आफ्ना खोजका रूपमा छापेको र त्यसबारे कसैले केही नबोलेको प्रसङ्ग ठाउँठाउँमा आयो । के उनी जस्ता वरिष्ठ राजनीतिक व्यक्तिले अनैतिक काम गरेकै हुन् त ?

पन्त– डिल्लीरमणका बारेमा हामीले धेरै लेख्या छौँ। त्यो म तपाईँहरूलाई सुनाइदिन्छु, अनि उनी कस्ता मान्छे हुन् भन्ने कुरा थाहा पाइहाल्नुहुन्छ ।

वि.सं. २०२३ सालको कुरा हो । अहिले ३४ वर्ष भयो । मैले आमाको बर्खी बारेको थिएँ, सेतो लुगा लगाएको थिएँ । पञ्चाङ्गको काम मेरो हातमा थियो । वीरपुस्तकालयमा पञ्चाङ्गसंशोधनका काममा म त्यहाँ जान्थेँ । म प्रत्येक दिन त्यहाँ पुग्थेँ । त्यहाँ रामजी, देवीप्रसाद, शङ्करमान काम गर्थे । त्यहाँ गएका बेलामा एक दिन बाबुराम पौडेल आएका थिए । तिनलाई डिल्लीरमणले यता यता चोरे भनेर म पुस्तक देखाउँदै थिएँ । वीरपुस्तकालयमा त ठूलो ठाउँ छ । डिल्लीरमण आए भनेर बाबुराम पौडेलले भने । मैले त्यस बेला आफूले नदेखेको भए पनि ठूलोठूलो स्वरले चोर आयो, चोर आयो भनेँ । उनले सुने । डिल्लीरमण त्यहाँ पसेनन् ।

बुद्धिसागर त्यहाँका हाकिम थिए । उनले डिल्लीरमणसँग के के कुरा गरे, थाहा छैन । त्यस दिनको कुरा त्यत्तिकै भो । त्यसको दुइचार दिनपछि बुद्धिसागरले मलाई के सुनाए भने डिल्लीरमणले नयराज जङ्गली पशु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो, त्यसको मैले खाइदिएँ, त्यसले मलाई के गर्छ, गरोस् भने । डिल्लीरमणले त्यो कुरा भने-भनेनन् मलाई थाहा छैन । बुद्धिसागरले कुरा बढाएर भनेका हुन् वा साँच्चै भनेका हुन्, त्यो पनि थाहा छैन । एउटा कुरा कति हो भने डिल्लीरमण भनेका नेता, म भनेको सामान्य मान्छे । बुद्धिसागरका मनमा के कुरा आएको हुन सक्छ भने म रिसाए त केही हुँदैन, नेता रिसाएपछि त नोक्सान हुन्छ । भोलि नेता मन्त्री भएपछि त लड्डू खान पाइन्छ भन्ने कुरा बुद्धिसागरका मनमा आयो ।

डिल्लीरमणले चोऱ्या कुरा मैले लेख्या छु । त्यो छापिएको छ । उनले गरेका कुरामा कल्ले के गर्छ । हाम्रा पक्षमा मान्छे बोल्दैनन् । उसो भए यस्ता कुरामा तँ किन लाग्छस् त भन्नुहोला तपाईँहरू । तपाईँहरूलाई म एउटा कुरा भन्छु । उनीहरूका पक्षमा कानूनचाहिँ छैन । आजका मन्त्री चोर हुन्छन् भन्ने कानून छ ? मन्त्रीहरूले चोर्नु हुन्छ भन्ने कानून छैन । राणाजीका पालामा कानून थियो- प्राइम मिनिष्टरले बाहेक अरूले अन्याय गर्नु हुन्न भन्ने । यसले के बुझाउँछ भने प्राइम मिनिष्टरले अन्याय गर्नु हुन्छ । अहिले छ कतै मन्त्रीले बाहेक अरूले चोर्नु हुन्न भन्ने ? मलाई कसले के गर्न सक्छ, ल गर त भन्ने नै उनीहरूको कुरा हो । डिल्लीरमण आफ्ना विद्वत्ताले प्रसिद्ध भएका होइनन्, राजनीतिक शक्तिले प्रसिद्ध भएका हुन् । यहाँ विद्याबाट त कोही प्रसिद्ध हुँदै हुँदैन । ऐनचाहिँ बाहिरबाट आउँछ, मान्छेहरू उनै छन् । ह्याँका मान्छेले के गर्छन् ? नेपालका ठूलाठूला विद्वान् भनिएकाहरू पनि त्यही खालका मान्छे हुन् । चन्द्रशमशेर आए चन्द्रशमशेरको स्तुति, जुद्धशमशेर आए जुद्धशमशेरको स्तुति । त्यो स्तुति साँच्चिकै भक्तिले गऱ्या होइन, पैसाका लागि गऱ्या हो । के गरेर पैसा आउँछ त्यही गर्छन् । जस्तै- एउटा कुरा ध्यान दिएर सुन्नुहोस् । म अहिले निवृत्तिभरण खाएर बाँच्या छु । पेन्शन भन्छन् नि, त्यो खाएर बाँच्या छु । त्यो आएन भने भोलि मलाई गाह्रो पर्छ । निवृत्तिभरण कल्ले दियो ? सरकारले दियो । त्यो दिलाउने मान्छे को ? जुद्धशमशेरले निवृत्तिभरण दिलाउने काम गऱ्या हो । वि.सं. १९९८ मा उनले यो गरेका । त्यो बेलामा उनले म तिमीहरूलाई पेन्शन दिन्छु, धेरै दिन त सक्तिनँ, हामीसँग धेरै पैसा छैन, अलिकति दिन्छु, तिमीहरू मलाई पछिसम्म सम्झी नै रहौला भने । यो कुरा *गोरखापत्र*मा छाप्या छ । पेन्शनको व्यवस्था जुद्धशमशेरले ल्याएको हो । उहिले थोरै थियो, अहिले धेरै छ ।

झिसमिसे– यहाँलाई बिझाइरहेका आफ्नो जीवनका अरू घटना पनि छन् कि ?

पन्त– एउटा कुरा छ- *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति* भन्ने मेरो पुस्तक छ । गोपाल पाँडे भन्ने अघि एक पण्डित थिए । गोपाल पाँडे असीम होइनन् । गोपाल पाँडे असीम भनेका त आजभोलिका । अर्कै गोपाल पाँडे भन्ने थिए । तिनैले नेपाली भाषामा पहिले गणितको पुस्तक लेख्या हुन् । *व्यक्तचन्द्रिका*का चार संस्करण छापिएका छन् । १९४० सालमा, १९५२ सालमा, १९६४ सालमा र १९७१ सालमा । पहिले संशोधन निकाल्ने पनि तिनै हुन् हाम्रो *इतिहास-संशोधन* निक्ले जस्तै । *पञ्चाङ्ग-संशोधन* निकाल्ने तिनै हुन्, प्रजातन्त्रको कुरा गर्ने पनि तिनै हुन् । प्रजातन्त्र असल हो कि एकतन्त्र असल हो, त्यो बहस गऱ्या छन् उनले । उनले त्यसबारे स्पष्टसँग लेख्या छन् । *लोकानुस्मृति* नामको त्यो पुस्तक उनले १९५४ सालमा लेख्या हुन् । अहिले १०३ वर्ष भयो । त्रैराशिकबाट घनमूल आउँछ भन्या छन् उनले । त्यो रीति पहिले मैले बुझ्या थिइनँ । गोविन्ददेव पन्त गणितका प्रोफेसर थिए, गोपाल पाँडेका छोरीका छोरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन् उनी । मैले उनलाई तपाईँका बाजेले त्रैराशिकबाट घनमूल ल्याउने रीति लेखे भन्दा उनले खै मैले बुझ्या छैन भने । उनी आफैँले लेख्या हुन् कि कहींबाट झिक्या हुन् । कहींबाट झिक्या हुन् भने कहाँबाट झिके । नभए यिनको नयाँ आविष्कार हुन्छ । नेपालमा के आविष्कार हुन्छ । मान्छे आविष्कार हुन्छ । *गोरखापत्र*लाई समीक्षा गर्न *पण्डित गोपाल पाण्डे र उनको घनमूल ल्याउने रीति* भन्ने पुस्तक दिएँ, उनले गर्दै गरेनन् ।

तपाईँहरूलाई एउटा कथा सुनाउँछु । ठूला को हुन् भनेर सोद्धा ठूलाठूला ताडका रूख छन् भनिएछ । यहाँ दाता को छ भनेर भन्दा दाता त यहाँ धोबी छ भनिएछ । धोबीकहाँ जानुहोस्, तपाईँलाई राम्रा राम्रा कपडा दिन्छ । यहाँ को चलाक मानिस छ भन्दा सबै चलाक छन् । उसो भए तिमी यहाँ कसरी बाँच्या छौ त भन्दा बिखको कीरा बिखमै जन्मन्छ, बिखै खाएर मर्छ, म पनि त्यसै गरेर बाँच्या छु भनिएछ–

मित्रास्मिन् नगरे महान् कथय कस्तालद्रुमाणां गणः
दाता को रजको ददाति वसनं प्रातर्गृहीत्वा निशि ।
को दक्षः परवित्तदारहरणे सर्वोऽपि दक्षो जनः
कस्माज्जीवसि हे सखे विषकृमिन्यायेन जीवाम्यहम् ।।

म यस्तै ठाउँमा बाँचेँ । कुरा के छ भने कसैलाई गाली गर्ने कुरा हुँदैन । चोर्नु खराब हो भन्ने कुरा मान्छेका मनमा भए मान्छेले भनिहाल्थे । हाम्रा पक्षमा मान्छे बोल्दैनन् ।

एउटा घटना सुन्नोस् । विश्वविद्यालयसँग मेरो झगडा भयो । विश्वविद्यालयले परीक्षा गर्न भनेर मकहाँ केही कापी पठाइयो । मैले आफ्नो योग्यताअनुसार परीक्षा गरेँ । दुइटा विद्यार्थी थिए, दुइटै फेल भए । मैले फेल गरेर पठाएका मान्छेलाई विश्वविद्यालयले पास गरिदियो । भोलिपल्टै मैले आफूले फेल गराएका मान्छे पास भए भनेर विश्वविद्यालयमा भनेँ । त्यसबेला रजिष्ट्रार त्रैलोक्यनाथ उप्रेती थिए । तिनलाई मैले अन्याय भयो भनेँ । उल्टै उनले यसको चिन्ता तपाईँ नगर्नोस् गुरु, यस्तो कुरा यहाँ धेरै हुन्छ, बुझ्नुभो । चिन्ता छोड्नोस् भने । कापी त्यहाँ छँदै थियो, बाहिरका मान्छे ल्याएर जाँचे भइहाल्थ्यो, तर त्यस्तो यहाँ हुँदैन । यहाँ के प्राज्ञिक कुरा गर्ने ।

जो चोर, उसकै ठूलो स्वर छ यहाँ । उल्टै समातेर लग्छन् हाम्रा मान्छेलाई यस्तो किन लेखिस् भनेर । यसरी नै देवीप्रसादलाई समातेर लगे । त्यो बेलामा सूर्यप्रसादका भाइ शारदाप्रसाद शिक्षाविभागका डाइरेक्टर थिए । देवीप्रसादलाई यस्तो सजाय दिनुपर्छ भनेर समातेर लग्दा शारदाप्रसादले यस्तो सजाय गर्नू भन्ने ऐन छैन, अहिले प्रजातन्त्रको युग छ, तपाईँहरू लेखको उत्तर लेख्नुहोस्, सरकारले छपाइदिन्छ भने । सजाय गर्न कानून थिएन, छाडिदिए उनले । अनावश्यक दुःख दिन्छन् ह्याँ । ह्याँका मान्छेको मन त्यही छ । राणाकालमा प्राइम मिनिष्टरबाहेक अरूले अन्याय गर्नु हुन्न भन्ने ऐन थियो । अहिले पनि ऐन बनाऊन् न, मन्त्रीबाहेक अरूले चोर्नु हुन्न भनेर । अहिले त्यस्तो ऐन कहाँ छ । त्यस्तो ऐन बनाउन सक्तैनन् यिनीहरू, किनभने बाहिरबाट ऐन आएको छ । उनीहरू कसका हातमा कति शक्ति छ भनेर व्यवहार गर्छन् । यहाँ यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

झिसमिसे– नेपालको इतिहासलाई पुष्पलाल, मोदनाथ प्रश्रित र केदारनाथ श्रेष्ठले एउटा नवीन कोणबाट हेर्ने प्रयत्न गर्नुभएको छ । त्यसबारे यहाँको के धारणा छ ?

पन्त– पुष्पलाल मरिसके । मैले राजनीतिज्ञहरूसँग सङ्गत गरिनँ । किन गरिनँ भने राजनीतिमा चल्ने मान्छेले बखतअनुसारको कुरा बोल्नुपर्छ । मलाई एउटा कथा आउँछ । जङ्गबहादुर बेलायत गएका थिए । उनी राजनीतिज्ञ ठहरे । बेलायतमा गानाबजानाको कार्यक्रम भयो । त्यस कार्यक्रममा महारानी भिक्टोरिया पनि थिइन् । जङ्गबहादुरले गाना राम्रो रहेछ भनेर गानाको प्रशंसा गरे । महारानीले के भनिन् भने तपाईं अङ्ग्रेजी बुझ्नुहुन्न, के बुझेर गानाको प्रशंसा गर्नुभयो । जङ्गबहादुरले जवाफमा के भनेछन् भने चराले बोल्छ, चराको बोलीको अर्थ हामी बुझ्दैनौं, तैपनि हामीलाई आनन्द लाग्छ, अर्थ नै बुझ्नुपर्छ भन्ने केही छैन, गाना राम्रो हुनुपर्छ, रमाइलो लाग्छ । जङ्गबहादुरको कुरा सुनेर महारानी खुशी भइछन् । त्यहाँबाट जङ्गबहादुर बाहिर निस्के । बाहिर आएर उनले आफ्ना मानिसहरूसँग रद्दी गाना रहेछ भने । महारानीका अघिल्तिर रद्दी गाना भनेर भन्नु भएन । उनी राजनीतिज्ञ थिए, यसैले यस्तो बोले ।

अर्को कुरा पनि छ । त्यो मैले लेख्या पनि छु । भारतमा सैनिकविद्रोह भयो वि.सं. १९१४ मा डेढ सय वर्षअगाडि । त्यो बेला जङ्गबहादुरले के के भने, त्यो जम्मै कुरा ओल्डफील्डले लेखेका छन् । त्यति बेला जङ्गबहादुरले के बोलेका थिए भने अहिले भारतमा जो सैनिकविद्रोह भएको छ, त्यो सैनिकविद्रोह होइन । वास्तवमा त्यो विद्रोह के हो भने अङ्ग्रेजहरूले अवध लिए, त्यसबाट मुसलमानहरू क्रुद्ध भए किनकि मुसलमानहरू त्यहाँ ठूलो पद पाउँथे । उनीहरूले ठूलो पद पाउने अवसर गयो । यसरी नै अङ्ग्रेजहरूले नागपुर लिए । त्यसमा हिन्दूहरूले ठूलो पद पाउँथे । हिन्दूहरूको सो पद पनि गयो । जङ्गबहादुरले यी कुराका अतिरिक्त के पनि भने भने सैनिकविद्रोह असफल हुन्छ, किनकि बुद्धिमानीपूर्वक त्यो विद्रोह भएको छैन । उनले २।४ महीनासम्म पनि अङ्ग्रेजले सो विद्रोह दबाउन नसके विद्रोह बढ्दै जाने कुरा पनि बोले । जङ्गबहादुरले त्यस्तो बोल्नु राजनीतिज्ञता थियो । जङ्गबहादुरले स्थापना गरेको शिलालेखमा के लेखाएका छन् भने विद्रोहीहरूले केटाकेटीलाई पनि मार्ने र स्वास्नीमान्छेलाई पनि मार्ने काम गरेकाले त्यस्तो काम हेरिरहनु हुँदैन भनेर अङ्ग्रेजलाई मद्दत दिइएको हो । यो कुरा ओल्डफील्डको *स्केचेज् फ्रम निपाल्* भन्ने पुस्तकमा उल्लिखित छ । राजनीतिज्ञले साँचो कुरा बोल्दैन । त्यसले उनको काम चल्दैन । विद्याको कुरा त एउटै हुन्छ । यस कारण विद्या र राजनीति परस्परविरोधी कुरा हुन् ।

अर्को एउटा कथा छ । देवशमशेरलाई चन्द्रशमशेरले निकाले । यो सबैले थाहा पाएका छन् । जुन दिन देवशमशेर निकालिए, त्यस दिन उनी वीरशमशेरको घरमा गएका थिए । वीरशमशेरको दरबारमा जानुभन्दा अगाडि देवशमशेर दरबार स्कूलमा पुरस्कारवितरणसमारोहमा गएका थिए । यसको केही दिनअगाडि देवशमशेरलाई कोही मान्छेले बिन्तीपत्र दियो- चन्द्रशमशेरले यस्तो काम गर्न लागेका छन् भनेर । देवशमशेर राजनीतिज्ञ थिएनन् । उनले चन्द्रशमशेरलाई यो कुरा भनेपछि अहो, यस्तो काम म कसरी गर्छु भनेर आफ्नो घरबाट धोती लगाएकै अवस्थामा चन्द्रशमशेर देवशमशेरकहाँ पुगे । राजनीतिज्ञले साँचो बोल्यो भने उसको खलासै हुन्छ भन्ने कुराका उदाहरण देवशमशेर छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहिले म आँखा देखिनँ, पढ्न सक्तिनँ । उहिले पढ्थेँ म । आँखा नदेखेपछि आफैँले लेखेको पढ्न सकेको छैन । आजभोलि संसारसँग मेरो परिचय भनेको रेडियो छ । त्यो पनि ज्यादै चर्को बजाएर सुन्नुपर्छ । कति कति पुस्तक छन्, धेरैले लेखिराख्या छन् अहिले । डिल्लीरमण रेग्मीको पुस्तक २०२३ सालमा निस्कँदासम्म पढ्न सक्थेँ । अहिले पढ्न सक्तिनँ । भन्दिने मान्छे कोही छैन । भन्न पनि गाह्रो छ, म कान नसुन्ने मान्छे ।

नेपालको इतिहासमा पहिले हात हाले ब्रिटिशहरूले । यहाँका मान्छेले हात हालेका होइनन् । नेपालको इतिहास जान्ने ब्रिटिशहरूको इच्छा होइन, नेपालको अवस्था कस्तो छ र कसरी यहाँ प्रवेश गर्न सकिन्छ भन्ने नै उनीहरूको इच्छा हो । राइटले आफ्नो पुस्तकमा लेखेका छन्- जहाँसम्म नेपालमा गोर्खाली रहन्छन्, त्यहाँसम्म हाम्रो प्रवेश त्यहाँ हुँदैन । गोर्खालीलाई हामी निकाल्न सक्छौँ, किनकि तिनीहरूको हतियार पनि असल छैन भन्ने उनको विचार छ । उनले के पनि भनेका छन् भने केही हजार सिपाहीको ज्यान जाओस् भन्ने कल्पना गर्यौँ र केही लाख रुपियाँ खर्च होस् भनेर लाग्यौँ भने हामी सफल हुन्छौँ । उनले यस्तो काम गरेर हामीलाई लाभ हुन्छ कि हुन्न, त्योचाहिँ म भन्न सक्तिनँ भनेर पनि लेखेका छन् । यो कुरा राइटले जङ्गबहादुरका पालामा लेखेको हो । यसरी उनीहरू विचार गर्छन् । जङ्गबहादुरका बारेमा पनि उनी लेख्छन्- उनका मनमा जेसुकै भाव होओस्, उनी आफूलाई राम्रोसँग बाहिर देखाउँछन् । यहाँ कर्कपेट्रिक आए । कर्कपेट्रिकलाई ल्याउँदा नेपालीहरूले घुमाउरो बाटो ल्याए, सोझो बाटो ल्याउँदा सबै कुरा उनले देख्छन् भनेर । उनीहरूको काम त त्यही हो ।

पृथ्वीनारायणले के बोले भने राजाको हुकूम जफत गरेर राख्नू । उनलाई पीर थियो । उनलाई अब म मर्न लागेँ, म मरेपछि युद्ध हुन्छ भन्ने पीर थियो । पृथ्वीनारायण मरे वि.सं. १८३१ मा, अङ्ग्रेजसँग लडाइँ भयो वि.सं. १८७१ मा । पृथ्वीनारायण मरेको ४० वर्षपछि लडाइँ भयो । पृथ्वीनारायणले के देखेका थिए भने अङ्ग्रेजको बल अवश्य नै एक दिन यहाँ आउँछ । पृथ्वीनारायणले अङ्ग्रेजसँग हामी लडाइँ खेल्न सक्तैनौँ भनेर जानेका थिए । उनले झिकी कटक गर्नू, जाई कटक नगर्नू भनेका थिए । उनले आफैँ निहुँ खोज्न नजाने र आएको बेलामा कसरी रक्षा गर्ने पनि भनेका थिए । पृथ्वीनारायणले त्यो कुरा वि.सं. १८३१ मै बोले । उनलाई थाहा थियो- आफ्नो छोरा अयोग्य छ, यसले केही गर्न सक्तैन भनेर त्यसैले उनले उप्रान्त तिमीहरू सबैलाई सुनाइगयाको भया तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनन् र यो राजे थामि षानन् भने । मेरो छोरा अयोग्य छ भन्ने थाहा भए पनि पृथ्वीनारायण अर्कोलाई राज्य दिन सक्तैनथे । त्यसैले तिमीहरूलाई म भन्दिन्छु, तिमीहरूले आफ्ना सन्तानलाई सुनाउनू, तिम्रा सन्तानले मेरा सन्तानलाई सुनाउँछन् र यो राज्य थाम्छन् भनेर उनले बोले ।

पृथ्वीनारायण शाहका पालाका जति कागजपत्र पाइन्छन्, तिनमा राजनीति छ । राजनीतिज्ञता भनेको वेश्यावृत्ति हो, स्पष्टै छ । वेश्याका धेरै ग्राहक हुन्छन्, उसले सबैलाई मन पर्ने कुरा गर्नुपर्छ । त्यस्तै राजनीतिज्ञले पनि सच्चा कुरा बोल्न सक्दैन, मान्छेको मुख हेरेर कुरा गर्नुपर्छ । पृथ्वीनारायणले भनेका छन्, लडाइँमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जसले योग्यता देखायो, त्यसलाई पद दिनू भनेर । अहिले नेपालीहरू कोही विद्वान् छन् ? कोही पनि छैनन् । एउटा त्यही सैनिक छन् । संयुक्तराष्ट्रसङ्घले पनि सैनिकलाई लियो । ध्यान दिनोस्-

हाम्रा छैनन् विश्वविख्यात विद्वान्, हाम्रा छैनन् दूरदर्शी कलावान् ।
हाम्रो आफ्नो छैन केही पदार्थ, जेले पारौँ विश्वमा उच्च माथ ।।

नेपाली अरू अरू क्षेत्रमा जो छन्, ती विदेशीका खेलौना छन् । तिनलाई खेलाएर राखेका छन् । सामान्य कुरा भनूँ न- अहिले हाम्रा मान्छे बीपीको चिन्तन समाजवाद भन्छन् । अहिले म आँखाले हेर्न सक्तिनँ । बीपीको पुस्तकमा के छ, मलाई थाहा छैन । डा. राजेन्द्रप्रसाद भारतका पहिला राष्ट्रपति । उनले के लेखेका छन् भने नेहरूजीको समाजवादमा विशेष रुचि छ, म त समाजवाद बुझ्न पनि बुझ्दिनँ, मान्न पनि मान्दिनँ । त्यो भारतका मान्छेले पनि पूरा नमान्या मान्यता हो नि । नेहरू समाजवाद समाजवाद भन्छन् भनेर पटेलले पनि लेखेका छन् । यहाँ त के छ भने बीपीको सिद्धान्त समाजवाद भन्छन् नि । त्यो कुरा के छ भने यूरोपमा समाजवाद आयो, यूरोपको समाजवाद नेहरूले लिए । नेहरू घूस खाँदैनथे । उनले घूस खान्थे भनेर कसैले भनेको सुन्या छैन । नेंहरूले आफैँ लेख्या छन् । नेहरूका किताब मैले जम्मै हेर्‍या छु । उनलाई एकवालले भन्या छन्, तिमी राजनीतिज्ञ होइनौ भनेर, राजनीतिज्ञ भन्या जिन्ना हुन्, तिमीचाहिँ देशभक्त हौ भनेर मलाई एकवालले भने भनेर नेहरूले आफैँ भन्या छन् । एकवाल मुसलमानका नेता हुन् । उनी पहिला हिन्दू हुन्, पछि मुसलमान भए । अङ्ग्रेजहरूको नीति हेर्नोस् । अङ्ग्रेजहरूले पढाए यिनीहरूलाई । यिनीहरू अङ्ग्रेजका मान्छे न हुन् । लुई फ्रेसरको[२] *महान् चुनौती* (Great Challenge) भन्ने पुस्तक मैले पढेको छु । त्यो यहाँ छ । नेहरूले आत्मालोचना गरेर लेखेका छन्- उनका आफ्ना मित्र कोही छैनन् भनेर । पहिले म पुस्तक हेर्थेँ, अहिले हेर्न सक्तिनँ । अरूलाई भन्देऊ भनेर भन्दा उनीहरूलाई रस लाग्दैन, कराएर भन्नुपर्छ । अरू मान्छे पनि को छ ? एउटा दिनेश छ ।

झिसमिसे– नेपाली साहित्यमा पनि यहाँको विशेष रुचि छ । नेपाली साहित्य र साहित्यकारबारे यहाँको के धारणा छ ?

पन्त– आजभोलि म पढ्न सक्तिनँ । पुराना पुस्तकहरू पढ्या छु । अहिले धेरै पुस्तक निस्क्या छन् । नयाँ पुस्तक किनेर ल्याएर पढूँ, आफू आँखा देख्न सक्तिनँ । नाम चलेका केही साहित्यकार र तिनका रचनाबारे म केही भन्न सक्छु । लेखनाथलाई हेर्नोस्- उनले राणाकालमा चन्द्रशमशेरको प्रशंसा गाए । *सत्यकलिसंवाद*लाई हेरेको खण्डमा चन्द्रशमशेरको राज्य आदर्श राज्य छ । राणाजीले जो राज्य गर्दैछन्, त्यो अत्यन्त उच्च राज्य छ-

यै उच्च दिव्य तुहिनाचलदेखि पारि कोल्यमहाँ मुलुक त्यो छ पवित्र भारी ।
हेर्नूहओस यसमाथि चढी हजूर गुह्येश्वरी पशुपति प्रभुको गजूर ।।

त्योदेखि पश्चिम दिशातिर राजधानी दोस्रो अनन्त गुणगौरवको छ खानी ।
देखिन्छ गैह उसको पनि कान्तिधारा त्यै शैलको शिखरबाट झलक्क सारा ।।

---

२. **लुई फिशरको** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शास्त्रानुसार उसमा सब राजपाट चल्दो छ वीरवर क्षत्रिय जातिबाट ।
प्राचीन धर्ममहिमा स्थिति आजसम्म पाइन्छ त्यो मुलुकभित्र समस्त टम्म ।।

अन्याय छैन उसमा छलदम्भ छैन गोवेदविप्रहरूको अपमान छैन ।
पाखण्ड छैन बहुधा मतभेद छैन यौटा मनुष्य पनि धर्मविरुद्ध छैन ।।

चल्दो छ खूबसित दान र यज्ञयाग देवार्चनादि शुभकर्म त्यहाँ सराग ।
विश्वास भक्ति सबमा बढदो छ दाइ बन्दैन शास्त्रविधि छाडी कुनै मपाई ।।

दाजै जहाँ सविधि पण्डित सोमपान भूपाल गर्छन सुवर्णतुलाप्रदान ।
त्यो देशमा अतिथिपूजनको बयान हो सूर्यको नजिक जुन्किरिको समान ।।

दाजै खडा छन यहाँ झलमल्ल चन्द्र सानन्द परी सब लोक अजाततन्द्र ।

चन्द्रशमशेर गए । जुद्धशमशेरको पालो आयो । लेखनाथले फेरि जुद्धशमशेरकै गुण गाए-

आलस्यध्वान्त फारी विविध गुणकला कान्तिधारा फिँजाई
पारी सारा उज्यालो मुलुक उदयमा प्राप्त सूर्यावतारी ।
श्रीश्रीश्रीजुद्धनामा नृपतिवर महाराजमा भक्तिसाथ
टक्र्याई नाट्यपुष्पाञ्जलि जयजपना गर्छ यो लेखनाथ ।।

राणाजी गए, नेताजी आए । अनि फेरि लेखनाथले नेताजीकै कविता लेखे-

चमत्कारी शोभा चमचम सबैतर्फ छरियो
धराको छातीमा अमृतमय माधुर्य भरियो ।
विना यस्तै नेता धरणितलमा वा मुलुकमा
प्रजा अन्धो दुःखी कसरी रहला शान्तिसुखमा ।।

अब नेताजी पनि जेलको हावा खान गए, अनि लेखनाथको बोली पनि फेरियो-

फैलाई जनतन्त्रको गहकिलो पञ्चायती पद्धति

यी सबै कुरा पढ्दा एउटा फाइदा त हुन्छ- यस बेला यो यो शासनपद्धति रहेछ भन्ने जानकारी मिल्छ ।

बालकृष्ण समका बारेमा पनि जान्न चाहनुहुन्छ भने सुन्नोस् उनका कविता पनि । उनी भन्छन्-

नेपालका महाराज चन्द्रशमशेर जङ्गको
अथवा सब नेपाली हाम्रो असल भाग्यको
यहाँसम्म भिजेको छ सुधा हाम्रो शरीरमा
कि महाराजको खालि हामी एक हुकूमले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हजारौँ तोपका गोला छातीभित्र लुके पनि
नङ्गा गर्दनमा कोटि तलबार चले पनि
हामी निशानका निम्ति दिनेछैनौँ कही पीठ

*मुटुको व्यथा*मा समले यी कुरा लेख्या पाइन्छ। मैले यसबारेमा लेख्या पनि छु। लक्ष्मीप्रसाद देवकोटाको विषयमा पनि मैले लेख्या छु। त्यो कुरा *पूर्णिमा*मा छापिएको छ। देवकोटा ठूला विद्वान्। अङ्ग्रेजी पनि जान्ने, फ्रेञ्च पनि जान्ने, हिन्दी पनि जान्ने, नेवारी पनि जान्ने, बङ्गाली पनि जान्ने, संस्कृत पनि जान्ने। अङ्ग्रेजी भाषा त राम्ररी जान्दथे उनी, फ्रेञ्चचाहिँ जान्थे-जान्दैनथे, थाहा छैन, कसैसँग सोधे होलान्। उनले नौवटा भाषामा पद्मशमशेरको स्तुति लेखेका छन्- पद्मशमशेर महाराजकी जय जय जय जय। राणाजीका पालामा राणाजीको पृष्ठपोषणको काम उनले गर्थे। उनका मनमा राणा भनेका ठूला मान्छे भन्ने थियो। *शारदा*मा छाप्या छ *नवभाषोद्धार*।

सूर्यविक्रम ज्ञवालीसँग मेरो काशीमा चिनाजानी भएको हो। म काशीमा थिएँ वि.सं. १९९१ मा। म जुन घरमा बस्या थिएँ, त्यस घरका मान्छेले सूर्यविक्रम ज्ञवाली यिनै हुन् भनेर चिनाइदिए। सूर्यविक्रम ज्ञवालीको लेख मैले पढ्या थिएँ। कहाँ पढ्या थिएँ भन्नुहोला भने *माधुरी* भन्ने पत्रिकामा। उनले सूर्यविक्रम ज्ञवाली लेखेका थिए। मधिसेले ज्ञवाली त बुझ्नेनन्। सूर्यविक्रम जावाली लेखिदिए।

सूर्यविक्रम ज्ञवालीले त्यतिखेर मसँग भने- एउटा श्लोक पाइन्छ, यसको अर्थ गर्नोस्। श्लोक थियो-

मास्तां शाकः कदाचिद् रसनिधिनृपयुग् माघमासोऽपि मास्तां
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि।
यस्मिन् राजेन्द्रवर्यो विविधजनमनःशान्तकृत् ख्यातकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम्॥

शाके १६९६ मा विश्वावसु संवत्सरमा पृथ्वीनारायण शाह मरे। यसको गणना गरेर मलाई दिनुहोस् भने। मैले गणना मिलाउन सकिनँ। अलिअलि गणना त गरेँ, मिलेन।

पहिले परिश्रम गरेर लेख्ने यिनै सूर्यविक्रम ज्ञवालीले पछि पछि एउटा मान्छे एउटा मान्छेको छोरा पनि नाति पनि भएको, एउटै मानिस दुइ पटक मरेको जस्ता कुराले भरिएको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* जस्ता पुस्तक पनि लेखे। बालचन्द्रलाई जोगाउन सूर्यविक्रमले यस्तो काम गरेका हुन्। पैसाका लागि विवेक त्याग्ने काम यहाँ हुँदै आएको छ। सूर्यविक्रम ज्ञवालीको काम त्यसैको नमूना हो।

झिसमिसे– वि.सं. २०४६ को जनआन्दोलनपछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सबै पदाधिकारीले राजीनामा गर्दा पनि यहाँ आफ्नै अडानमा अड्नुभयो। त्यसको कारण के थियो ?

पन्त– म प्रज्ञा-प्रतिष्ठानमा जान पाऊँ भनेर प्रार्थना गरेर त्यहाँ गएको त होइन। राजाले नियुक्त गरिदिए, म त्यहाँ बसेँ। कि राजाले जा भनून्, म जान्थेँ। अरूहरूले राजीनामा किन गरे, तिनै जानून्। जागीर खाने मान्छेले आफूखुशी जागीरमा जाने-छोड्ने त होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ एउटा कुरा छ । म संस्कृतमहाविद्यालयमा प्राध्यापक थिएँ । त्यहाँ फोन आयो- तपाईं त्रिभुवन-विश्वविद्यालय, त्रिपुरेश्वरमा आउनुहोस्, दिनेशलाई लिएर आउनुहोस् । उनीहरूलाई मैले कान सुन्दिनँ भन्ने थाहा भा'थ्यो । दिनेशचाहिँ कहाँ छन्, कहाँ छन् । उनीचाहिँ लुष प्रेस गएका रहेछन् *पूर्णिमा* छपाउन । दिनेश संस्कृतमहाविद्यालयमा आएपछि उनलाई लिएर म त्रिभुवनविश्वविद्यालय गएँ । त्यहाँ दुई जना मान्छे बस्या रहेछन्- एउटा बालकृष्ण सम र अर्का जगत्मोहन अधिकारी त्रिभुवनविश्वविद्यालयका उपकुलपति । तिनीहरूले मलाई के भने भने सरकारबाट हुकूम भयो- प्रज्ञा-प्रतिष्ठानमा योग्य मान्छे छान्नुपऱ्यो भनेर, तपाईंले योग्य मान्छे को देख्नुभा छ, भन्नुस् भने । मैले त्यहाँ के भनेँ भने मैले अहिले जागीर खाने उमेर गयो । मैले पेन्शन खाइरहेको छु । म अहिले करारसेवामा त्रिविमा बसेको छु । त्रिविका उच्च पदाधिकारी तपाईं हुनुहुन्छ । तपाईंको मुख मैले आजसम्म देख्या थिइनँ, आजै देखेँ । मैले कस्तो काम गऱ्या छु, तपाईंकहाँ रिपोर्ट आएको होला । त्यसपछि उपकुलपतिले आएको छ भने । अब आफ्नो अधिकारीलाई त नचिन्ने मान्छेले यहाँका अरू मान्छे चिन्छ ? म चिन्दिनँ, मैले भनेँ । बरु मैले भनिदिएँ- सूर्यविक्रम ज्ञवाली अत्यन्त अयोग्य मान्छे, जसले एउटा मान्छे दुइबाजि मर्छ भनेर लेख्छ, त्यो मान्छे त्यहाँ बसेको छ । समितिका हाकिम भएर बस्नुभएका बालकृष्ण सम यहीँ हुनुहुन्छ । त्यसपछि उपकुलपति जगत्मोहनले केही त भन्नोस् भने । मैले अरूका बारेमा मलाई थाहा छैन भनेर भनेँ । त्यसपछि उपकुलपतिले जानोस् तपाईं भने र म बाहिर निस्किएँ । पछिबाट त्यहाँ के के कुरा भयो, मलाई थाहा छैन । मचाहिँ पुरानो घरमा बस्यार्थेँ । त्यो बेलामा पाठ सुनाउँदै थियौँ हामी । त्यस बेला महेश पनि त्यहीँ थियो । त्यसै बेला ज्ञानमणि आइपुगे । उनले रेडियोमा तपाईंको नाम प्रज्ञा-प्रतिष्ठानमा नियुक्त भएको कुरा आयो भनेर भने । त्यसरी प्रज्ञा-प्रतिष्ठानमा मेरो नियुक्ति भएको थियो । त्यहाँ मलाई दुइटा सहायक दिएका थिए । म कोठामा बसेर लेख्थेँ र सहायक पनि आउँथे । त्यहाँ तीन महीनामा प्रवचन गर्नुपर्थ्यो र म नियमित ढङ्गले प्रवचन गर्थेँ ।

वि.सं. २०३७ को एक दिन मलाई उपकुलपति माधव घिमिरेको कोठामा बोलाइयो । त्यहाँ चार-पाँच जना मानिस बसेका थिए, माधव घिमिरे, बालकृष्ण पोखरेल, ढुण्डिराज भण्डारी, भूपि शेरचन र विजयबहादुर मल्ल पनि त्यहाँ थिए । उनीहरूले के के कुरा गरे, मैले सुनिनँ । मलाई चाहिँ उनीहरूले यस्तो किन लेख्नुभयो ?

हाम्रा राजा तरङ्गी कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।

भने ।

उनीहरूले किन यस्तो लेख्नुभयो भनेकामा मैले भनेँ, मैले भन्या कुरा हो त । यो त जङ्गबहादुरले भनेको हो । जङ्गबहादुरले यस्तो कुरा भनीकन राजेन्द्रलक्ष्मीलाई निकाले । उनीहरूले किन लेख्नुभयो भनिरहँदा मैले यहाँ मात्र हो र *पूर्णिमा*मा पनि लेख्या छु भनेँ । कुरा के भएको थियो भने प्रज्ञा-प्रतिष्ठानमा जति प्रवचन हुन्थ्यो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हजारौँ तोपका गोला छातीभित्र लुके पनि
नङ्गा गर्दनमा कोटि तलबार चले पनि
हामी निशानका निम्ति दिनेछैनौँ कही पीठ

*मुटुको व्यथा*मा समले यी कुरा लेख्या पाइन्छ। मैले यसबारेमा लेख्या पनि छु। लक्ष्मीप्रसाद देवकोटाको विषयमा पनि मैले लेख्या छु। त्यो कुरा *पूर्णिमा*मा छापिएको छ। देवकोटा ठूला विद्वान्। अङ्ग्रेजी पनि जान्ने, फ्रेञ्च पनि जान्ने, हिन्दी पनि जान्ने, नेवारी पनि जान्ने, बङ्गाली पनि जान्ने, संस्कृत पनि जान्ने। अङ्ग्रेजी भाषा त राम्ररी जान्दथे उनी, फ्रेञ्चचाहिँ जान्थे-जान्दैनथे, थाहा छैन, कसैसँग सोधे होलान्। उनले नौवटा भाषामा पद्मशमशेरको स्तुति लेखेका छन्- पद्मशमशेर महाराजकी जय जय जय जय। राणाजीका पालामा राणाजीको पृष्ठपोषणको काम उनले गर्थे। उनका मनमा राणा भनेका ठूला मान्छे भन्ने थियो। *शारदा*मा छाप्या छ *नवभाषोद्धार*।

सूर्यविक्रम ज्ञवालीसँग मेरो काशीमा चिनाजानी भएको हो। म काशीमा थिएँ वि.सं. १९९१ मा। म जुन घरमा बस्या थिएँ, त्यस घरका मान्छेले सूर्यविक्रम ज्ञवाली यिनै हुन् भनेर चिनाइदिए। सूर्यविक्रम ज्ञवालीको लेख मैले पढ्या थिएँ। कहाँ पढ्या थिएँ भन्नुहोला भने *माधुरी* भन्ने पत्रिकामा। उनले सूर्यविक्रम ज्ञवाली लेखेका थिए। मधिसेले ज्ञवाली त बुझेनन्। सूर्यविक्रम जावाली लेखिदिए।

सूर्यविक्रम ज्ञवालीले त्यतिखेर मसँग भने- एउटा श्लोक पाइन्छ, यसको अर्थ गर्नोस्। श्लोक थियो-

मास्तां शाकः कदाचिद् रसनिधिनृपयुग् माघमासोऽपि मास्तां
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि।
यस्मिन् राजेन्द्रवर्यो विविधजनमनःशान्तकृत् ख्यातकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम्॥

शाके १६९६ मा विश्वावसु संवत्सरमा पृथ्वीनारायण शाह मरे। यसको गणना गरेर मलाई दिनुहोस् भने। मैले गणना मिलाउन सकिनँ। अलिअलि गणना त गरेँ, मिलेन।

पहिले परिश्रम गरेर लेख्ने यिनै सूर्यविक्रम ज्ञवालीले पछि पछि एउटा मान्छे एउटा मान्छेको छोरा पनि नाति पनि भएको, एउटै मानिस दुइ पटक मरेको जस्ता कुराले भरिएको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* जस्ता पुस्तक पनि लेखे। बालचन्द्रलाई जोगाउन सूर्यविक्रमले यस्तो काम गरेका हुन्। पैसाका लागि विवेक त्याग्ने काम यहाँ हुँदै आएको छ। सूर्यविक्रम ज्ञवालीको काम त्यसैको नमूना हो।

झिसमिसे– वि.सं. २०४६ को जनआन्दोलनपछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सबै पदाधिकारीले राजीनामा गर्दा पनि यहाँ आफ्नै अडानमा अड्नुभयो। त्यसको कारण के थियो ?

पन्त– म प्रज्ञा-प्रतिष्ठानमा जान पाऊँ भनेर प्रार्थना गरेर त्यहाँ गएको त होइन। राजाले नियुक्त गरिदिए, म त्यहाँ बसेँ। कि राजाले जा भनून्, म जान्थेँ। अरूहरूले राजीनामा किन गरे, तिनै जानून्। जागीर खाने मान्छेले आफूखुशी जागीरमा जाने-छोड्ने त होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ एउटा कुरा छ । म संस्कृतमहाविद्यालयमा प्राध्यापक थिएँ । त्यहाँ फोन आयो- तपाईँ त्रिभुवन-विश्वविद्यालय, त्रिपुरेश्वरमा आउनुहोस्, दिनेशलाई लिएर आउनुहोस् । उनीहरूलाई मैले कान सुन्दिनँ भन्ने थाहा भा'थ्यो । दिनेशचाहिँ कहाँ छन्, कहाँ छन् । उनीचाहिँ लुष प्रेस गएका रहेछन् *पूर्णिमा* छपाउन । दिनेश संस्कृतमहाविद्यालयमा आएपछि उनलाई लिएर म त्रिभुवनविश्वविद्यालय गएँ । त्यहाँ दुई जना मान्छे बस्या रहेछन्- एउटा बालकृष्ण सम र अर्का जगत्मोहन अधिकारी त्रिभुवनविश्वविद्यालयका उपकुलपति । तिनीहरूले मलाई के भने भने सरकारबाट हुकूम भयो- प्रज्ञा-प्रतिष्ठानमा योग्य मान्छे छान्नुपर्‍यो भनेर, तपाईँले योग्य मान्छे को देख्नुभा छ, भन्नुस् भने । मैले त्यहाँ के भनेँ भने मैले अहिले जागीर खाने उमेर गयो । मैले पेन्शन खाइरहेको छु । म अहिले करारसेवामा त्रिविमा बसेको छु । त्रिविका उच्च पदाधिकारी तपाईँ हुनुहुन्छ । तपाईँको मुख मैले आजसम्म देख्या थिइनँ, आजै देखेँ । मैले कस्तो काम गर्‍या छु, तपाईँकहाँ रिपोर्ट आएको होला । त्यसपछि उपकुलपतिले आएको छ भने । अब आफ्नो अधिकारीलाई त नचिन्ने मान्छेले यहाँका अरू मान्छे चिन्छ ? म चिन्दिनँ, मैले भनेँ । बरु मैले भनिदिएँ- सूर्यविक्रम ज्ञवाली अत्यन्त अयोग्य मान्छे, जसले एउटा मान्छे दुइबाजि मर्छ भनेर लेख्छ, त्यो मान्छे त्यहाँ बसेको छ । समितिका हाकिम भएर बस्नुभएका बालकृष्ण सम यहीँ हुनुहुन्छ । त्यसपछि उपकुलपति जगत्मोहनले केही त भन्नोस् भने । मैले अरूका बारेमा मलाई थाहा छैन भनेर भनेँ । त्यसपछि उपकुलपतिले जानोस् तपाईँ भने र म बाहिर निस्किएँ । पछिबाट त्यहाँ के के कुरा भयो, मलाई थाहा छैन । मचाहिँ पुरानो घरमा बस्याथेँ । त्यो बेलामा पाठ सुनाउँदै थियौँ हामी । त्यस बेला महेश पनि त्यहीँ थियो । त्यसै बेला ज्ञानमणि आइपुगे । उनले रेडियोमा तपाईँको नाम प्रज्ञा-प्रतिष्ठानमा नियुक्त भएको कुरा आयो भनेर भने । त्यसरी प्रज्ञा-प्रतिष्ठानमा मेरो नियुक्ति भएको थियो । त्यहाँ मलाई दुइटा सहायक दिएका थिए । म कोठामा बसेर लेख्थेँ र सहायक पनि आउँथे । त्यहाँ तीन महीनामा प्रवचन गर्नुपर्थ्यो र म नियमित ढङ्गले प्रवचन गर्थेँ ।

वि.सं. २०३७ को एक दिन मलाई उपकुलपति माधव घिमिरेको कोठामा बोलाइयो । त्यहाँ चार-पाँच जना मानिस बसेका थिए, माधव घिमिरे, बालकृष्ण पोखरेल, ढुण्डिराज भण्डारी, भूपि शेरचन र विजयबहादुर मल्ल पनि त्यहाँ थिए । उनीहरूले के के कुरा गरे, मैले सुनिनँ । मलाई चाहिँ उनीहरूले यस्तो किन लेख्नुभयो ?

हाम्रा राजा तरङ्गी कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।

भने ।

उनीहरूले किन यस्तो लेख्नुभयो भनेकामा मैले भनेँ, मैले भन्या कुरा हो त । यो त जङ्गबहादुरले भनेको हो । जङ्गबहादुरले यस्तो कुरा भनीकन राजेन्द्रलक्ष्मीलाई निकाले । उनीहरूले किन लेख्नुभयो भनिरहँदा मैले यहाँ मात्र हो र *पूर्णिमा*मा पनि लेख्या छु भनेँ । कुरा के भएको थियो भने प्रज्ञा-प्रतिष्ठानमा जति प्रवचन हुन्थ्यो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो प्रवचन *प्रज्ञा*मा छापिन्थ्यो । उनीहरूले यस्तो लेख्न पाइँदैन भनेपछि मैले पनि भएको कुरा लेख्न पाइँदैन भने के लेख्ने त उसो भए भनेँ । उनीहरूले सच्च्याऊ सच्च्याऊ भने, तर मैले सच्च्याउन्नँ भनिदिएँ । त्यहाँबाट मैले कुलपतिलाई जम्मै पुस्तक देखाउँदै पाँच ठाउँमा लेख्या छ भनेँ । त्यतिखेरका कुलपति लैनसिंह बाङ्देल राजनीतिज्ञ न ठहरे । लेख्नुस्, हुन्छ बेस हुन्छ उनले भने । भोलिपल्ट मलाई उनले फेरि बोलाएर भने, मलाई त रातभर निद्रा लागेन, भैगो नलेख्नोस् । त्यसपछि मलाई दुण्डिराजले बोलाए । उनले भने, यस्तो लेख्न पाइँदैन, हेर्नोस्, यस्तो लेख तपाईं लेख्नुहुन्छ भने तपाईंको लेखलाई हामी अण्डरलाइन गरेर दरबार पठाइदिन्छौं । तपाईं राजाले दिएको खाने र राजालाई गाली गर्ने । मैले भनेँ, तपाईंको हातमा शक्ति छ, तपाईं अण्डरलाइन गरेर दरबार पठाउने भए पठाउनोस्, म त सच्च्याउन्नँ । अब त्यो लेख उनीहरूले दरबार पठाए पठाएनन्, त्यो कुराचाहिँ मलाई थाहा छैन । छापिइसकेको त्यो लेख *प्रज्ञा*बाट च्यातेर भने झिके । त्यसपछि माधव घिमिरेले मलाई तपाईंको सो लेख ल्याउनोस् भनेर मागे, अनि यस्तो लेख्न पाइँदैन भनेर च्यातिदिए ।

त्यत्तिकैमा हृषीकेश शाह मकहाँ आए । पहिले उनले तपाईंको त्यो लेख दिनोस्, म हेर्छु भनेर एउटा मान्छे पठाएका थिए । तपाईंलाई हेर्नु छ भने यहीँ आएर हेर्नोस्, म लेख दिन्नँ, हरायो भने के गर्ने भनेर मैले भनेपछि हृषीकेश आफैँ आएका थिए । उनले हेरे । उनका मनमा के लाग्यो, उनले त्यतिखेर एउटा कुरा भने, नेपालमा चारवटा राजनीतिज्ञ जन्मे- पृथ्वीनारायण, जङ्गबहादुर, चन्द्रशमशेर र महेन्द्र । उनको पुस्तक छ ।

प्रज्ञा-प्रतिष्ठानभित्र उनीहरूका बीच के के कुरा भयो, मलाई थाहा छैन । त्यस बेला मैले दिनेशलाई भनेँ, मलाई राजद्रोहको मुद्दा लगाए । साधारण कुरा भए हुन्थ्यो, राजालाई गाली गर्ने । त्यही राजालाई गाली गर्ने, त्यही राजाले द्या खाने । अब त्यसबाट प्रज्ञा-प्रतिष्ठानको जागीर जान्छ । त्यसैले अब खर्च थोरै गर्नुपर्छ, नखाई त हुँदैन नि । जागीर त गएन । त्यस बेला के के भयो । अब पछिल्लो कुरामा पनि मैले किन राजीनामा दिने । दिइनँ ।

वि.सं. २०४६ पछि एउटा घटना भयो । घटना के भयो भने तपाईंले जागीर छोड्ने भए छोड्नुस्, नत्र मुखमा कालो लगाइदिन्छौं भनेर केही मान्छेहरूले भने । मैले कालो लगाउने भए लगाउनोस् भनेँ । कांग्रेसहरूको दृष्टिमा विद्या भन्ने पदार्थ छैन । यिनीहरू विद्वान्लाई यस्तै अपमान गर्छन् भनी मैले भनेँ । मेरा मनमा त्यही कुरा थियो । त्यहाँबाट म सँगसँगै मेरा सहायक रुक्मनाथ आए । उनी मेरा पछिपछि वीर अस्पतालसम्म आए । किन पछि पछि आएको भनेर मैले उनलाई भन्दा उनले के भने भने तपाईंका मुखमा कालो लगाइदिन्छन् र म फोटो खिचुँला भनेर आएको छु । अब उनीहरूले के गरे, त्योचाहिँ मैले थाहा पाइनँ । पछि वि.सं. २०५० फागुनपछि खोसुवापुर्जी दिएर मलाई छोड्न बाध्य पारियो । त्यतिखेर पनि राजीनामा गर भनेका थिए, तर मैले गरिनँ । खोसुवापुर्जी यहीँ छ । (उहाँका छोरा दिनेशले दिनुभएको जानकारीअनुसार २०५० चैत्र १ गतेको (तीन दिनअघिको) मिति राखेर नयाँ कानून बनेका हुनाले तपाईंलाई अवकाश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिइएको छ भनेर गोविन्दराज जोशीले चैत्र ३ मा पत्र दिएका थिए । उहाँलाई आजीवन सदस्य भइहाल्नुहुन्छ भनेर फकाउँदै राजीनामा मागे पनि उहाँले राजीनामा नदिएर अडानमा बसेपछि खोसुवा गरिएको थियो । त्यस प्रतिशोधले गर्दा उहाँलाई स्वतः दिनुपर्ने प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्यता पनि ८।९ महीनापछि २०५१ साल मङ्सीरमा मात्र दिइयो र बीचमा खाली पर्नुभयो ।)

म आफ्ना अडानमा सधैँ दृढ छु । वि.सं. २०३७ मा पनि रेडियोले मलाई बोलायो र रेडियोमा आएर भाषण गर भन्यो । म रेडियोमा गएर भाषण गर्छु । पहिले डिल्लीरमण भनेको चोर, डाँकू हो भनेर भन्छु, भन्न दिन्छौ कि दिन्नौ भनेर भनेँ । भन्न दिन्छौ भने आउँछु, नत्र आउन्नँ भनेँ । उनीहरूले यस्तो भन्न दिँदैनौँ भने र मैले रेडियोमा गएर भाषण पनि गरिनँ ।

झिसमिसे– नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको यहाँ आजीवन सदस्य हुनुहुन्छ । यसका हालका गतिविधिसँग कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

पन्त– कुरा के छ भने आजभोलि म प्रज्ञा-प्रतिष्ठानमा गएको पनि छैन । २०५० सालको चैत्र ३ गते छाडेर म आएको । अहिले त जान पनि सक्तिनँ । अहिले प्रज्ञा-प्रतिष्ठानमा के के काम हुन्छ, थाहा पनि छैन । अब मेरा त्यहाँ दुइटा पुस्तक परिरहेका छन् । आधा छापिएका छन्, आधा छापिएका छैनन् । जस्तै भनौँ- *रत्नदीप*को दोस्रो भाग छ । त्यसै त्यो अड्या छ । अर्को *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे*को *धूपघडी* भन्ने पुस्तक अड्यो । किन अड्यो ? त्यहाँ काम गर्दाखेरि मेरा सहायक थिए । सहायक त झिकिदिइहाल्यो । अब म आफैँ लेख्न सक्तिनँ । आजीवन सदस्य उनीहरूले दिए, उनीहरूले नदिएको भए म के गर्न सक्थेँ । अहिले प्रज्ञा-प्रतिष्ठानको पैसा आएन भने मेरो घरगृहस्थी पनि चल्दैन, गाह्रो हुन्छ ।

झिसमिसे– जनआन्दोलनपछिका सरकारहरूमा तुलनात्मक रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को नौ महिने सरकारको कार्यकालको सराहना गरिएको पाइन्छ । त्यसबारे यहाँको धारणा के होला ?

पन्त– मैले अगि नै भनेँ, अहिले के भइरहेछ भने अखबार आउँछ, म पढ्न सक्तिनँ । मेरा लागि पढ्ने मान्छे पनि कोही छैन । त्यो रेडियो सुन्छु एउटा । त्यो त सरकारी रेडियो हो । त्यो त सरकारकै स्तुतिगान गाउँछ । जस्तै- अहिले कांग्रेसको सभापतिमा गिरिजाप्रसाद पनि उठे, शेरबहादुर पनि उठे । त्यो त गिरिजाप्रसादको गुण गाउँछ, शेरबहादुरको गुण त गाउँदैन । शेरबहादुर उठेसम्म भनिदिन्छ, गुण त गाउँदैन । म बुझ्न सक्तिनँ किनकि भन्दिने कल्ले ? अरूलाई भन्दे भन्ने कुरा पनि आउँदैन । अरूलाई पनि त रुचि हुनुपर्छ नि ।

एउटा कुरा सुन्नोस् । कुरा के भने बुद्धिप्रकाश पाँडे भन्ने एउटा पण्डित थिए । इन्द्रचोकमा बस्थे । उनीहरूले मिलेर ब्रह्मचर्याश्रम खोले । संस्कृत पढाउने भनेर त्यो खोले । मलाई यसको सदस्य भएर बस्नोस् भने । म त यस्तोमा बस्दिनँ भनेर मैले भनेँ । उनले मलाई के भने भने तपाईँका माहिला गुरुज्यूको जस्तो दुर्गति भएको छ, तपाईँको पनि त्यस्तै हुनेछ । उनले के पनि भने भने अहिले गुरु त अलि ठूलो पदमा छन्, उनीसँग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अलि पैसा पनि छ, तपाईँसँग त पैसा पनि छैन । भन्या मतलब के भने त्यो कुरा म बुझ्न सक्तिनँ । मेरा मनमा के खेल्छ भने योभन्दा बढ्ता अर्को काम म के गर्न सक्छु । मैले जम्मै कुरा लेख्या छु ।

यहाँ घटना के हुन्छ, सुन्नोस् । अस्ति मात्रै शेरबहादुर र गिरिजाप्रसादका बीचमा मतदान भयो । उनीहरूका मतमा के अन्तर छ ? अब यिनीहरू राजनीतिज्ञ, स्पष्ट कुरा त बोल्दैनन् । शेरबहादुरले कांग्रेस टुक्रँदैन, यो प्रजातन्त्र पार्टी हो भन्छन्, टुक्रन्छ भन्दैनन् । खै, टुक्री त हाल्यो नि ! अब अस्ति पहिलेका पल्ट हेर्नोस् त,[३] कुरा बुझ्दै बुझिँदैन । चिरञ्जीवी वाग्ले मन्त्री भा'थे । तिनलाई घूस खायो भनेर गिरिजाप्रसादले निकालिदिए, भ्रष्टाचार भयो भनेर निकालिदिए । ती त विरोधी भा'थे । चिरञ्जीवी वाग्ले अहिले शेरबहादुरका पक्षमा छन् । जम्मै कुरा त बुझिँदैन, अखबार हेर्नुपर्छ । अखबारको कुरा कल्ले भनिदिन्छ ? आफ्नो आँखाले देखिन्न, अर्काले भन्दैन । उसलाई पनि भनेर के फाइदा । यहाँका धेरै मान्छेलाई बिहान के खाऊँ, बेलुका के खाऊँ भन्ने पीरै छ ।

झिसमिसे– वर्तमान अवस्थामा के गर्दा राष्ट्र, समाज र जनताको हित होला भन्ने ठान्नुहुन्छ ?

पन्त– आफूले पढेका पुस्तक नबिर्सनोस्, यत्ति भन्छु ।

---

३. यस वाक्यको सङ्गति मिल्दैन, तर यस्तै छापिएकोले जस्ताको तस्तै उतारिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Reasons for Consecrating Images of Hanūmān*

- Naya Raj Pant

In the world, there are people of different natures, beliefs and powers. Upon being inflicted by illness, some people depend on medicine and some on shamans. This practice prevails till now. Today, a belief is spreading among the educated people that medicine is scientific and shamans are unscientific and superstitious. Now I am not speaking for or against either position. I am writing this article to demonstrate that in order to understand history it is necessary to study the relative texts relating to widespread popular beliefs in the corresponding period.

We find the images of Hanūmān everywhere. A Hanūmān image is also in our quadrangle. In our home, a custom still prevails that meals are not to be eaten before offering a ritual worship to Hanūmān. My habit of paying respect to Hanūmān was imbibed during my childhood. There is a tradition of applying *sindūra* (vermilion powder) and oil to the image of Hanūmān. I do not remember at what age I learnt the story of Rāmāyaṇa. I have understood from my childhood that Hanūmān was the great assistant of Rāmacandra.

The publication of *Abhilekha-saṃgraha* began in 1961. The third part of this series covers the inscription of the Hanūmān's image consecrated in 1672 by Pratāpa Malla, the famous king of Kathmandu. One image of Hanūmān consecrated by Pratāpa Malla is at the entrance of the Hanūmān Dhokā Palace and another is in front of the big bell in the Durbar Square. The inscription on these Hanūmāns is essentially identical. Textual differences occur only in one word.[1] The inscription reads as follows:

> ॐ स्वस्ति ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारक देवन थ्व हनूमान् स्थापन याङा जुरो । विषमसंग्रामशत्रुसंहारण रणे जयति गृहे रक्षति ॥ सम्वत् ७९२ वैशाखमासे कृष्णपक्षे ॥ एकादशी प्र. द्वादशी रेवतीनक्षत्र आयुष्मानयोग सोमवार कुन्हु ॥ शुभमस्तु सर्व्वदाकाल ॥
>
> 'Om, may it be auspicious.
>
> 'Who has crossed [the ocean of] all the arts of weapons, scripture and knowledge of music etc., supreme king of great kings (*māhārājādhirāja*), the lord of Nepāla, the crest jewel of scholars (*vidagdhacūḍamaṇi*), great lord of the entire circle of

---

* Translated from Pant 1964 by Bharat Giri. This translation was made possible by the grant provided to the Saṃśodhana-maṇḍala by the Ministry of Culture, Civil Aviation and Tourism of Nepal Government in the fiscal year 2078/79.

1. The inscription on the pedestal of Hanūmān opposite to the Big Bell reads रणे जयति गृहे रक्षति whereas on that near the entrance of the palace has रणे जयति गृहे जयति.—MRP

CC-0. Nepal Sanskrit Academy, Kathmandu

kings (*sakalarājacakrādhīśvara*), twice illustrious chief king among the great kings (*śrīśrīrājarajendra*), chief among the poets (*kavīndra*), Jayapratāpa Malladeva the supreme lord (*paramabhaṭṭāraka deva*) has consecrated this Hanūmān.

'[Hanūmān] in the formidable war kills enemies and bestows victory in the battle, and protects at home. In 792 N.S., on the twelfth day following the completion of the eleventh of the waning moon, in the month of Vaiśākha, on Monday when the Revatī constellation was in the conjunction of the moon, in the Āyuṣmān yoga. May it be auspicious always.'

The inscription on the Hanūmān image consecrated in the Bhaktapur palace in 1698 by Bhūpaṭindra Malla, a king of Bhaktapur is published in the fourth part of *Abhilekha-saṃgraha*. It is as follows:

ॐ पारावारविलंघनो दशमुखस्यानन्दविध्वंसनो
लंकादेशविदाहको रघुपतेराज्ञाकरः सर्व्वदा ।
शी(सी)ताहर्षप्रदायको ह्युपवने संत्रासनो रक्षसां
पायाद्भूपपुरन्दरं रघुकुलोद्भूतं हनूमानयं ।।

ॐ स्वस्ति ।। श्री २ जयभूपतीन्द्र मल्लदेवसन ् थ्व हनूमानमूर्ति दयका जुरों ।। सम्वत् ८१८ फाल्गुणशुदि ९ ।।

'Om, may such Hanūmān, the traverser of the ocean, destroyer of Rāvaṇa's happiness, the one who set fire the country of Laṅkā ablaze, always obedient to Raghupati (Rāma), bestower of joy to Sītā, terroriser of Rākṣasa-s in the garden, protect Bhūpatīndra, born to the dynasty of Raghu.

'Om, may it be auspicious. Twice illustrious Jayabhūpatīndra Malladeva made this image of Hanūmān. In 818 N.S., on the ninth of the waxing moon of Phālguna.'

There is also an image of Hanūmān in Patan. We have not been able to find its inscription.[2]

It is written in the *Gorkhāvaṃśāvali* (p. 71) that Pṛthvīpati Śāha, a king of Gorkha, also consecrated an image of Hanūmān.

2. In the *Bhāṣāvaṃśāvalī* it is written that the Hanūmān image was consecrated by Siddhinarasiṃha Malla:

सिद्धिनरसिंह यिनै राजाले अधिका भन्दा सुन्दर गरी दर्बार बढाई बनाया. सुनका ढोका बनाई राखिदिया । दर्बाजाका दाहिनाबाट* नरसिंह, पञ्चमुखी गणेश, हनूमान् स्थापना गरिदिया ।

'This very king Siddhinarsiṃha had expanded the palace making it more beautiful than the earlier times. He made the gate of gold. He consecrated Narasiṃha, five-faced Gaṇeśa and Hanūmān along the right side of the gate.'

* A printed version of the *Bhāṣāvaṃśāvalī* (referred to in Bibliography) reads दर्बाजाका दाहिनाबाउ (p. 62) instead of दाहिनाबाट. This resultantly alters the meaning into 'along the right and left sides of the gate'.—MRP

CC-0. Nepal Sanskrit Academy, Kathmandu

It is interesting that the kings of all the four adversary states consecrated Hanūmān images. The kings of the east and the west also had probably consecrated images of Hanūmān in their respective palaces. Due to limited resources or being limited to specific areas we are still unable to find authentic knowledge related to this subject.

It is the common belief here that Svaraśāstra is also related to the Art of War. My maternal grandfather had learnt *Samarasāra* a text belonging to Svaraśāstra from his father. My grandfather taught me this text as well. Therefore, I have acquired some knowledge of Svaraśāstra.

The *Narapatijayacaryā* is considered the authentic text of Svaraśāstra. Here is some reference concerning Hanūmān from that text:

सार्धहस्तत्रयं श्वेतं शेषं तत्र प्रदापयेत् ।
हरिद्राहरितालेन शैलेयसंयुतेन वा ।।५।।
लिखेद्धनूमतो रूपं पञ्चद्वयङ्गुलमानकम् ।
दीर्घदन्तं करालाङ्गं दीर्घबाहुनखान्वितम् ।।६।।
वामहस्ते ध्वजं कुर्याद् दक्षिणे मेरुपर्वतम् ।
बद्धक्रमं महारौद्रं जिह्वलाङ्गूललोलितम् ।।७।।
रक्तवस्त्रं सकौपीनं शिखामुकुटधारिणम् ।
हृत्पद्मे विन्यसेत् तस्य निजनाथस्य नामकम् ।।८।।
हनूमतो लिखेत् तत्र मूलमन्त्रं दलाष्टके ।
मालामन्त्रेण तद्बाह्ये सव्यमार्गेण वेष्टयेत् ।।९।।
काष्ठपाषाणधातूनां पूजायै निर्मितापि च ।
प्रतिष्ठा क्रियते तत्र देशे ग्रामे पुरेऽपि वा ।।२०।।
न दुर्भिक्षं भवेत् तत्र न च व्याधिभयं भवेत् ।
परचक्रागमो नैव व्याधिभिश्च न पीड्यते ।।२१।।
न पतत्यशनिस्तत्र न च रोगभयं भवेत् ।
डाकिनीभूतवेताला: पिशाचोरगराक्षसाः ।।२२।।
हनूमतः प्रभावेण विषपीडा न जायते ।
हनूमतः पताकेयं गजाश्वोपरि संस्थिता ।।२३।।
धारिता सा प्रयत्नेन रिपुसैन्यस्य सन्मुखी ।
हनूमतः पताकेयं गजाश्वादीन् पराक्रमेत् ।।२४।।
तस्या दर्शनमात्रेण व्याकुलीभूतमानसाः ।
नश्यन्ति रिपवस्तस्य सिंहस्येव यथा मृगाः ।।२५।।

(From *Narapatijayacaryā,* Hanūmatpatākā chapter)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

'With the ink made of turmeric and *haritāla*, or alternatively of turmeric, *haritāla* and *śilājatu*, write Hanūmān of 25 *aṅgula*-s height on a white cloth. He should be depicted as ready to walk and having long teeth, a ferocious body with long hands and long nails, and extremely frightening, moving tongue and tail, wearing red clothes and a loincloth, wearing the *jaṭāmukuṭa*, with a flag in his left hand and lifting the Sumeru mountain with his right hand. Write the name of one's lord in the chest of Hanūmān. Therein write an *aṣṭadala* with the *mūlamantra* of Hanūmān. Write the *mālāmantra* exterior to it on the right side. For the purpose of worshipping, when the image of Hanūmān made from wood, stone, or metal is consecrated in the country, city or village there will be neither famine nor illness. Also this will bar the entry of enemies. The place will not be struck by lightning, neither be afflicted by a *ḍakinī, bhūta, vetāla, piśāca,* serpent, and *rākṣasa.* One does not get affected by poison due to the influence of Hanūmān. If the coat of arms with the image of Hanūmān is mounted over an elephant or a horse and is placed in front of the enemy's army, it will defeat the elephants and horses. Upon seeing this coat of arms the enemies will flee away just in the manner a deer flees upon seeing a lion.'

A commentary of the *Narapatijayacaryā* titled *Svarodayadīpikā* composed in 1617 and ascribed to Jagajjyotir Malla, a famous king of Bhātgāon confirms that the *Narapatijayacaryā* was considered an authentic text in the Kathmandu valley during the Malla period.[3]

---

3. स्वरोदयाख्यं सगुणं पुस्तकं व्यस्तदूषणम् ।
धर्मार्थकाममोक्षाणां साधनं शत्रुबाधनम् ।।
नेपालेऽस्मिन् दुर्लभं यत्पुरासीन्नान्यैर्दृष्टं नैव चाकर्णितं वा ।।
अध्येतव्यं सर्वथा चिन्तनीयं पुत्रप्रीत्या पालनीयं भवद्भिः ।।
शाके १५३९ ... ज्यैष्ठशुक्लचतुर्दशी शनौ ... महाराजश्रीश्रीजगज्ज्योतिर्मल्लनिर्देशमासाद्य श्रीवंशमणिशर्मा व्यलेखीदिदं पुस्तकम् ।

(Extracted from *Narapatijayacaryāsvarodayadīpikāṭīkā* deposited in Bir Library (no. I. 1186). This portion is published in pp. 110-112 of the first part of *Bṛhatsūcīpatra* published by Bir Library.)

'The book named *Svarodaya* that is endowed with virtues, blameless, having the means for *dharma, artha, kāma, and mokṣa,* the tormentor of the enemy, was not found in Nepal. This book was not seen by others neither was this book heard. You ought to study this book. Considering from all aspects one should protect this book in the manner of protecting a son.

This book was copied by the Vaṃśamaṇi Śarmā upon getting the order from the Great King (*mahārāja*), the twice illustrious Jagajjyotir Malla in Śāke 1539, on Saturday, the fourteenth of the waxing moon of Jyeṣṭha.'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Bholanath Paudel had told me that a record kept in the National Library proves that the Malla kings were very enthusiastic about having the authentic knowledge of Svaraśāstra. Bholanath copied this record which is added to the article together with its translation made by him. It is as follows:

> इति नरपतिजयचर्यायां स्वरोदयः संपूर्ण्णः ।। श्रीभक्तपट्टनस श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुरसन सम्वत् ७१९ निस्यं स्वरोदय अतिलयन सेङा. नेपाल स्वरोदय गनाङ गाक मदु. सम्वत् ७३२ स, सरयूपारया, श्रीशिवराम तिवारीयाके स्यङा थ्वयाकेङ संपूर्ण्णन मगाक, थना नेपालस, तिरहुतिस, काशिस, दाम बिस्य, जन छोस्य, अनेग प्रकारण खोजरपा, लिथे श्रीवंशमणि उझा छोयाव, तिरहुतिस, बहेडा धाया गामस श्रीकृष्ण उझायाके मगाक्व खङान, मसको सेङान सम्वत् ७३७ स, थ्व स्वरोदय सम्पूर्ण्णन चोया, ... थ्वतेया टीकां सम्पूर्ण्णन खङा, थेंस संदेह मदयकं नेपालभाखान, पिकास्य तया, ... थथिङाङ वस्तु सदांङ सेनेमाल अभ्यास यायमाल
>
> (National Library, MS. no. 582)

> 'Thus *Svarodaya* in the *Narapatijayacaryā* is completed. In the illustrious Bhaktapur from N.S. 719 onwards the twice illustrious Jayajagajjyotir Malladeva Prabhu Ṭhākura was studying the *Svarodaya* text very ardently. Nowhere in Nepal has the complete copy of *Svarodaya* been found. [The King] has read since 732 N.S. from the venerable Śivarāma Tivārī who lives beyond the Sarayū river. The copy shown by him too was incomplete. A search [of the complete copy] was made through various means by sending people with expenses to neighbouring locations in Nepal, in Tirhut and in Kāśī. Later, when the venerable Vaṃśamaṇi Ojhā was dispatched [to search] a complete manuscript was discovered at the house of Śrīkṛṣṇa Ojhā in the village named Baheḍā belonging to Tirhut. Then learning the content which was previously not understood, a complete *Svarodayaśāstra* was written in 737 N.S. After going through the entire commentary it was translated in the Newari language to avoid doubts. Such things should always be learnt and practised.'

It is clear from the inscription of Pratāpa Malla and the text of *Narapatijayacaryā* that the principal reason for the consecration of Hanūmān is to secure oneself from every quarter and to defeat the enemy in the battlefield. Thus, the kings of those times had faith in Svaraśāstra and had consecrated the image of Hanūmān accordingly. It is also clear that such being the purpose, the Malla kings had Hanūmān imprinted on their banners.[4]

4. The Malla Kings had the word *hanūmāddvaja*, i.e. 'having Hanūmān in the banner' in their panegyrics.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Bibliography

Abhilekha-saṃgraha

Abhilekha-saṃgraha (A collection of epigraphs), pt. 3. Eds. Gautamavajra Vajracharya and Mahes Raj Pant. Kathmandu: Saṃśodhana-maṇḍala, V.S. 2018 Kārttika (1961).

Abhilekha-saṃgraha, pt. 4. Ed. Nayanath Paudel. Kathmandu: Saṃśodhana-maṇḍala, V.S. 2018 Māgha (1961).

Bhāṣāvaṃśāvalī

Bhāṣāvaṃśāvalī (A chronicle in the Nepali language), pt. 2. Ed. Deviprasad Lamsal. His Majesty's Government, Ministry of Education, Department of Archaeology, Nepal National Library, V.S. 2023 (1966).

Bir Library, ed. 1960

Nepālarājakīyavīrapustakālayasthapustakānām bṛhatsūcīpatram (Master catalogue of books deposited in the Nepal Government's Bir Library), pt. 1. Kathmandu: Bir Library, V.S. 2017.

Gorkhāvaṃśāvali

Gorkhāvaṃśāvali (The chronicle of Gorkha). Eds. Kshipranath Yogi, Devinath Yogi and Sharada Prasad Regmi. Kashi: Yoga Pracharini, V.S. 2009 (1952).

Narapatijayacaryāsvarodaya

Narapatijayacaryāsvarodayaḥ। śrīmannarapatikaviviracitaḥ। harivaṃśakaviviracita-jayalakṣmīṭīkā-sametaḥ । (The *Narapatijayacaryāsvarodaya* by the illustrious Narapati Kavi, together with the *Jayalakṣmī* commentary by Harivaṃśa Kavi). Bombay: Shri Venkateshvar Steam Press, V.S. 1963, Śāke 1828 (1907).

Pant, Naya Raj 1964

'Hanūmānko sthāpanā garnāmā hetu' (Reasons for consecrating images of Hanūmān). *Pūrṇimā* 1 (V.S. 2021 Vaiśākha):26-30.

Samarasāra

Somayājiśrīrāmacandravircitaḥ samara-sāraḥ kāśīsthaśrīkāśījyotīrvitsamiti-mantridaivajñavacaspati śrīvāsudevaguptena viśeṣasodāharaṇahīndībhāṣārtha-sahitaḥ । vārāṇaseyasaṃskṛtaviśvavidyālayīyasammānitaprādhyāpakena ācārya-śrīsītārāmaśarmaṇā saṃśodhitaḥ । (The *Samarasāra* by the illustrious Somayājin Rāmacandra together with the Hindi meaning inclusive of special examples by the illustrious Vāsudeva Gupta the secretary of the illustrious Banaras Council of the Jyotirvid-s, edited by the Ācārya, the illustrious Sītārāma Śarmā, honoured professor in the Banaras Sanskrit University. Varanasi: Annapurna Prakashan, n.d.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६२३ (वि.सं. १५६०)देखि ने.सं. ६३५ (वि.सं. १५७२) भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखत

-महेशराज पन्त

अहिले यहाँ प्रकाश गर्न लागेका ताडपत्रका यी ६ वटा लिखतमध्ये ५ वटा **यम्बु**का र १ वटा **यंग्ल**का हुन् । अहिले हामी जुन शहरलाई **काठमाडौँ** भन्छौँ, मध्यकालमा त्यो शहर **यम्बु** र **यंग्ल**मा बाँडिएको थियो । तात्कालिक लिखतमा **यम्बु**मा धेरैजसो लिखतमा पछाडि **ब्रुमा** जोडी **यम्बुब्रुमा** (उदाहरणको लागि यही लेखका १-३, ६ सङ्ख्या) र कहीँ कहीँ **महानगर** जोडी **यम्बुमहानगर** (उदाहरणको लागि यही लेखको ४ सङ्ख्या) लेखिएको देखिन्छ । अहिलेको काठमाडौँको उत्तरभाग सबै र दक्षिणभागमा पर्ने टेबहालको इलाका **यम्बु**भित्र पर्थ्यो त शहरको दक्षिणभागचाहिँ **यंग्ल** भनी कहिन्थ्यो । **यम्बु** पनि फेरि उत्तर र दक्षिण गरी २ भागमा बाँडिई उत्तरभाग **सातिग्लक** र दक्षिणभाग **गाङ्गुलक** भनी चिनिन्थ्यो ।[१] अहिले छापिन लागेका ६ वटा लिखतमध्ये **सातिग्लक**को चर्चा १ वटामा (४ सङ्ख्यामा) आएको छ त **गाङ्गुलक**को चर्चाचाहिँ ४ वटामा (१-३, ६ सङ्ख्यामा) आएको छ ।

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्र भाँचिएर जाँदा यतिवटा अक्षर नष्ट भयो भनी थाहा भए पनि भर्न भने नसकिँदा यस्तो × चिह्नले जनाइन्छ ।
२. मूल ताडपत्रमा चिन्न नसकिएको अक्षर यस्तो ○ चिह्नले जनाइन्छ ।
३. मूल ताडपत्र भाँचिएर जाँदा नाश भएको अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिन्छ ।
४ मूल ताडपत्र भाँचिएर जाँदा नाश भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

---

१. महेशराज पन्त २०६७ कः §§ ३-४ मा ३०-३३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६२३ (वि.सं. १५६०) आश्विन-अमावास्या

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२९/९

यसको फोटो तल २०४-२०५ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ ।

यंबुब्रुमामा गांगुलंगमा केलटोल (मूलमा- **केलंमंदपस्तोलक**)मा थंथसालछेंमा बस्ने कंसकार (मूलमा- **कांसकार**) लुंगु भारोले आफ्नो, आफूले भोगचलन गरिरहेको, त्यही थंथसालछेंको घर भक्तपुर (मूलमा- **भत्तापुरिनगर**)मा त्रिपुरब्रुमा (मूलमा- **तिपुरब्रुमा**)मा खनिह्मंटोलमा उभ्कान थंछेंमा बस्ने अजयराम भारोलाई बन्धकी राखी १ पाउ २ कर्ष ६ मासा (मूलमा- **षटमंसद्वयकर्षाद्धिकमेकप्लाङ्क / प्ल १ कर्ष ०।। मंस ६**) कालासुनको चूर्ण (मूलमा- **चोन काला लुं**) सापटी लिएको कुरा ने.सं. ६२३ (वि.सं. १५६०) आश्विन-अमावास्याको यस लिखतमा छ। भक्तपुर (मूलमा- **ष्वप्वं**) त्रिपुर (मूलमा- **तपर**) कोछेंका जगत्राज भारो यसमा दृष्टसाक्षी छन् ।

मूलपाठ

१. **९ शुभ ।। श्रैयोऽस्तुः सम्वत् ६२३ आश्विनिमाशैः कृष्णपक्षेः अमावास्यां तिथौः श्रीयंबुब्रुमायां श्रीगांगुलंगेः श्रीकेलंमंदपस्तोलकेः थंथसालछे९ गृहाद्धिवाष्टव्य१ कांसकारलुंगुभारोकस्य नामनां स्वकियं स्वब्रुर्च्यमानिकं ।। श्रीभत्तापुरिनगरेः श्रीतिपुरब्रुमायां खनिह्मंतोलकेः उभ्कान थंछे९ गृहाद्धिवाष्टव्य१ अजयरामभारोकस्य नामनां सकासात ।। थंथसालछे ९ लिबिः लिबि यंता**

२. **मातानछे९ नामप्रदेशे ।। धारनस गृहेः मेलो भारोस गृहे पच्छिमतः कुप ् अंगनाया९ उतरत । उदयशिह्ड भारो मेलो भारो उभयस गृहे पूर्व्वतः मगुडिमार्गस्य दक्षनत ।। एतत्मधे लिबि यंता मातानगृहद्वारमेकं लिबिसह तस्य भोगवृधा९ सेछा वदिना९ बन्दकतेनोदेसगृहित सूवर्ण्ण तुकः षटमंसद्वयकर्षाद्धिकमेकप्लाङ्क अंके च थंथछे९ लिबि यंता मातान छे १ खा १ लिबिसह ।। तुंथि-**

३. **स लंखो काय दोः स्वसिमासह ।। चोन काला लुं तुक प्ल १ कर्ष ०।। मंस ६ आवदि सेछा तलपति मकाया तत् गृह स्वादिनानिवर्त्तकं न्यायेन परिभोज्ञ९ तत्रा धारनकस्य निमितीन जदि संकृतव्यावादे सति तदा धारनकेन परिसोधनियं च फ्यायेस चोन काला लुंवुं ।। प्रति थ्व छे९ बन्दकन दाम त्याङ तयास लुं सास्यं भोगन ज्वंङा तत्पत्रार्थे दृष्टसाषि ष्वप्वं तपर कोछे९ जगतराज भारो ।। उचेल चोता दो ् शुभ ।।**

(पछाडिपट्टि)

१. **थंथसालछे९ लि-**
२. **बिः लिबि यंता मा-**
३. **तानछे९ सेछा बदि-**
४. **पत्र जुरो९ शुभ ।।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं. ६२८ (वि.सं. १५६४) चैत्रशुक्लद्वितीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/४७ यसको फोटो तल २०५ पृष्ठमा छ ।[२]

यंबूबुमामा गाङ्गुलंगमा टेबहाल (मूलमा- **तेदोबहार**)मा बस्ने शृंखिरीकार पद्मराज (मूलमा- **पदुमराज**) भारो मुख्य भएको युगादि (सत्ययुगादि) अन्नदानगूठीको पञ्चसमुच्चय (मूलमा- **ङंह्मं शमूश्चये**)लाई टेबहालकै आग्नेय अर्थात् पूर्व-दक्षिणपट्टिको घर (मूलमा- **वंकुलि छें**)का शृंखिरीकार नाथु भारोले आफ्नो, आफूले भोगचलन गरिरहेको टौखेल (?)(मूलमा- **तवक्षल**) फाँट (मूलमा- **को**)[३] डेढ कर्ष बारी (मूलमा- **वाटिका/बल**) ने.सं. ६२८ (वि.सं. १५६४) चैत्रशुक्लद्वितीयाको दिन बिक्री गरी लेखिएको क्रयपत्र यो हो । बिक्री गर्नेका गोतिया हृदयसिंह भारो यसमा दृष्टसाक्षी छन् । बेच्नुपर्नाको कारण घरखर्च चलाउनको लागि हो भनी यहाँ लेखिएको छ । बेचिएको जग्गाको चारकिल्ला खुलाउँदा यस बारीको उत्तरपट्टि केलटेलको चैत्र[शुक्ल]प्रतिपदागूठीको खेत (मूलमा- **केलं चेतपादोगुथिवस्तुभुमे**) भएको कुरा यहाँ लेखिएको छ ।

मूलपाठ

१. **१ श्रैयोऽस्तु । सम्वत् ६२८ चैत्रशुक्लः पक्षे ।। द्वितीयाया१न्तिथौः श्रीयंबूबुमायां१ श्रीगाङ्गुलंगेः श्रीतेदोबहारगृहाद्धिवाशीन शृंखिरीकार पदुमराज भारो प्रमुखन युगादि अन्नदान गुथि ङंह्मं शमूश्चयेस नाम्ना सकासातः स येव तेदोबहार वंकुलि छें शृंषिरीकारनाथुभारोकस्य नाम्नेन शुक्रीयं शुबून्येमानिक१ तवक्षल को वाटिकानामसंज्ञवंक१**

२. **××××कुलवस्तुभुमे पछिमतः । ताम्बकार ् जयरूपभारोकस्य भुमे उत्तरतः मूलमार्गस्य पूर्व्वत ् केलं चेतपादोगुथिवस्तुभुमे दक्षनतः एतेषाम्मधेः साधार्द्धिकमेकक्रर्षक१ वाटिकाङ्कतोपि बल कर्षत्या १ ।। ततवाटिकायाः जथादेशकालप्रवर्त्तमानसञ्चाराघेन सुवर्ण्णमूलमादाय स्वादिनानवर्त्तकन्यायन क्रीन विक्रीयतम्भवतिः तत्रा**

३. **धारनकस्य निमितेन जदि संकृतव्यावाडपीडा स्यात् तदा धारनकेन परीसोधनियञ्चः अत्र पत्रार्थे दृष्टसाक्षि धारनस स्वगोत्र हृदयशिह्ङ भारो १ प्रते धारनस घ्रसार बय यायेस क्रीबिक्रीन काया जुरोः तलपतिपो १ सहः ।। शुभः ।।**[४]

(पछाडिपट्टि)

१. **तवक्षलको बलया**

२. **तस्य क्रीपत्र ।। ।।**

---

२. ताडपत्रको पछाडिपट्टि लेखिएकोको फोटो दिन सकिएन ।

३. **को** शब्दको अर्थको विषयमा महेशराज पन्त २०६९:४६८ हेर्नू ।

४. मूल ताडपत्रमा **सहः ।।** पछि निकै ठाउँ छोडी पङ्क्तिको अन्त्यमा पुग्ने गरी **शुभः ।।** लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६३० (वि.सं. १५६७) चैत्रकृष्णत्रयोदशी

सञ्जय स्थापितको सौजन्यबाट यसको फोटो मैले लिन पाएको हुँ ।

यसको फोटो तल २०६ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । फोटोमा छाप स्पष्ट नआएकोले त्यसको बयान गर्न सकिएन ।

यंबूबुमामा गाङ्गुलंगमा टेबहाल (मूलमा- **तेदोबहार**)मा ईशान अर्थात् पूर्वोत्तरपट्टिको घर (मूलमा- **यंकुलिछें**)मा बस्ने शृंखिरीकार पद्मराज भारोलाई वटुटोल (मूलमा- **वंतुतोल**)मा ह्युबहाल (मूलमा- **ह्युलबहार**)मा बस्ने जीवचन्दले आफ्नो, आफूले भोगचलन गरिरहेको वंताख्वात भन्ने ठाउँको २ रोपनी खेत ५ वर्षको लागि बन्धकी राखी १०० दम्म सापटी लिई ने.सं. ६३० (वि.सं. १५६७) चैत्रकृष्णत्रयोदशीको दिन यो लिखत लेखिदिएको हो । सापटी लिएको १०० दम्म तिर्दा **पुराणक्षुद्रद्रम्म** (मूलमा- **पुरानषुद्रदाम**)को हिसाबले थप्नुपर्ने शर्त यस लिखतमा भए पनि दर कति भन्नेचाहिँ मलाई स्पष्ट भएन ।[५] यसमा ऋणीका जेठाबाबु (मूलमा- **जेष्टपिता**) हृदय (मूलमा- **हेदय**) दृष्टसाक्षी छन् । बन्धकी राख्नुपर्नाको कारण लेनदेन मिलाउनको लागि हो भनी यहाँ लेखिएको छ ।

यस लिखतअनुसार खेत किन्ने र २ सङ्ख्याको लिखतअनुसार खेत किन्ने पद्मराज उही हुन् भन्ने कुरा दुवै लिखतमा किन्नेको थर र वतन उही भएकोले स्पष्ट हुन्छ ।

मूलपाठ

१. **९ श्रैयोऽस्तु । सम्वत् ६३० चैत्रमासेः कृष्णः पक्षे ।। त्रयोदस्यान्तिथौः श्रीयंबूबुमाया९ श्रीगाङ्गुलंगेः श्रीतेदोबहार ˎ यंकुलिछे९ गृहाद्धिवाशीन ˎ शृंषिरीकार पदमराज भारोस नाम्ना सकासातः श्रीवंतुंतोलकेः ह्युलबहार ˎ गृहाद्धिवाशीन ˎ जिवचन्दकस्य नाम्नेन शुक्रीयं शुबून्यमानिक९ वंताष्वात क्षेत्र-**

२. **नामप्रदेसेः कान्सकारपदमराजभारोकस्य भुमे पच्छिमतो ˎ उर्त्तरतः स्वल्पमार्गस्य पूर्व्वतः थापितकनकभारो-कस्य भुमे दक्षनत एतेषाम्मधेः द्वयरोपनिक९ भोगवृध्या पञ्चवरिषावदिना बन्दकस्तेस्नो ˎ देसगृहीत९ जथाव्यवहारमेकसटदामाङ्के च दम्म १०० बू रोव २ आवदि वर्ष ५ फायेस ०**

३. **क्रपा पुरानषुद्रदामः तत्रा धारनकस्य निमितेन जदि संकृतव्यावाडपीडा स्यात् तदा धारनकेन परीसोधनियञ्चः अत्र पत्रार्थे दृष्टसाक्षि धारनस जेष्टपिता ˎ हेदयः प्रते धारनया लेयिदेयि पोलेस आवद्दिन काया जुरो९ उचेल चोता दोः ।। तलपति मदो ।। शुभः ।।**[६]

---

५. सापटी लिएको २४ दम्म तिर्दा पुराण द्रम्म ६ को हिसाबले थप्नुपर्ने शर्त ने.सं. ६१० (वि.सं. १५४६) पौषशुक्लचतुर्थीको एउटा लिखतमा छ (महेशराज पन्त २०७३:१२३-१२४) ।

६. मूल ताडपत्रमा **मदो** ।। पछि निकै ठाउँ छोडी पङ्क्तिको अन्त्यमा पुग्ने गरी **शुभः** ।। लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६३२ (वि.सं. १५६८) पौषकृष्णसप्तमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२९/२५

यसको फोटो तल २०७-२०८ पृष्ठमा छ ।

महेशराज पन्त २०६७ क:३७ मा चर्चित

यस पत्रमा बायाँपट्टि फट्केमा माटको, वरिपरि थोप्लैथोप्ला भएको, गोलो छाप छ र त्यहाँ **श्री** लेखिएको छ ।

यंबुमहानगरमा शातिगुलंकमा खिकलंटोलमा भ्वंतछेंमा बस्ने मानन्धरनी (मूलमा- **मानध्रनि**) जीवलक्ष्मीले आफ्नो, आफूले भोगचलन गरिरहेको चोलसम्बंद/चोलसम्बंड भन्ने ठाउँको ३ चुल बारी (मूलमा- **वातिका/बल**) यंबुब्रुमामा गांगुलंकमा केलटोल (मूलमा- **केलंतोलक**)मा थंथछेंमा बस्ने कंसकार (मूलमा- **कांसकार**) रामसिंह भारो र उनका भाइ कंसकार (मूलमा- **कान्सकार**) चिकुटि भारोलाई बेची ने.सं. ६३२ (वि.सं. १५६८) पौषकृष्णसप्तमीमा यो लिखत लेखिएको हो । यसमा दृष्टसाक्षी बेच्नेका लोग्ने मानन्धर रत्नसिंह (मूलमा- **मानध्र रथनसिंह**) छन् । बिक्री गरिएको यस बारीको दक्षिणपट्टिको साँध लुमडिगूठीको बारी (मूलमा- **लुंमंधेगुथिवातिका**)सँग जोडिएको छ । बेच्नुपर्नाको कारण घरखर्च चलाउनको लागि हो भनी यहाँ लेखिएको छ ।

मूलपाठ

१. **१ शुभ ।। श्रैयोस्तुः सम्वत् ६३२ पोषमाशैः कृष्णपक्षेः सप्तंम्यां तिथौः श्रीयंबुमहानगरे श्रीशातिगुलंकेः श्रीषिकलंतोलकेः भ्वंतछे१ गृहाद्धिवाष्टव्य१ मानध्रनिजीवलक्ष्मीकस्य नामनां स्वकियं स्वब्रुर्च्येमानिकं ।। श्रीयंबुब्रुमायां श्रीगांगुलंकेः श्रीकेलंतोलकेः थंथछे१ गृहाद्धिवाष्टव्यः कांसकार\ रामसिंह भारोः । भ्रातेः**

२. **कान्सकार \ चिकुटि भारोः दुभयस नामना१ सकासात् ।। चोलसम्बंदवातिकानामप्रदेशेः श्रीश्रीराजकुलवाति-कया१ पच्छिमतः श्रीलुंमंधेगुथिवातिकाया९ उतरतः मनिक साहुस वातिकाया९ पूर्व्वतः धनिकस्य वातिकाया१ दक्षनत ।। एतेषाम्मधे तृय चु कर्ष वातिकाङ्क बल चुलं स्वं ३ तत्वातिकाया९ जथादेशकालप्रवत्त-(मानसंचा)राघे-**

३. **न स्वादिनानिवर्त्तकन्यायेन सूवर्ण्णमुलमादाय क्रेन विक्रयतं भवति ।। तत्रा धारनकस्य निमितीन जदि संकृतव्यवादे शति तदा धारनकेन परिसोधनियं चः प्रति धारनस घ्रसार बय यायस क्रेन काया जुरो९ तलपत्र सह ।। तत्पत्रार्थे दृष्टसाषि धारनस स्वपुरष मानध्र रथनसिंह ।। थ्व बलस वंथोन छास्यं हकाले धारनस्यं सुद्ध...**

(पछाडिपट्टि)

१. **चोलसम्बंड**

२. **बल क्रीपत्र ।।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६३४ (वि.सं. १५७०) मार्गशुक्लद्वितीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१०१/३६

यसको फोटो तल २०८-२०९ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । फोटोमा छाप स्पष्ट नआएकोले त्यसको बयान गर्न सकिएन ।

यंग्ल पोडेटोल (मूलमा- **प्वदे देवल**)का रूपसिंह भारोले त्यहीँ ननीमा बस्ने आफ्ना दाजु वा भाइ (मूलमा- **भ्राता**) बुद्धि (मूलमा- **बुदि**) भारोलाई आफ्नो, आफूले भोगचलन गरिरहेको, पोखल्ड्याङ (मूलमा- **पुषुरिद्याङ**)को १ कर्ष बारी (मूलमा- **बल**) बेची ने.सं. ६३४ (वि.सं. १५७० मार्गशुक्लद्वितीयाको दिन यो क्रयपत्र लेखिएको हो । आफ्ना बाबुलाई तिर्न यो बारी बेच्नुपरेको हो भनी यहाँ लेखिएको छ । यसमा दृष्टसाक्षी बेच्नेका दाजु वा भाइ (मूलमा- **भ्राता**) रूपराज भारो छन् ।

मूलपाठ

१. **꠰ श्रेयोऽस्तु ।। सम्वत् ६३४ मार्गशिरशुक्लदुतियाया तिथोः श्रीयंग्ल प्वदे देवल रुपसिंह भारोया नाम्नेनकेण स्वकीयं स्वभुज्यमानिकंः स येव ननि भ्राता बूदि भारोया नाम्नानकस्य सकाशेः पुषुरिद्या(ङ वंको)**

२. **धनिस वातिकाया उतरत जगतसिंह भारोया वातिकाया पूर्व्वत ˎ रुपतेजजुस वातिकाया दक्षिनत ˎ एत्तन्मधे वातिका मेकक्रख अंके च बल क्रखछि १ स जथादेसकालप्रवतमानेन संचाराघेन क्रेन (विक्रीयतं भवति)...**

३. **ग्बाधा क्रेतुं कालेतुं च न लभेतेः तत्र जदि पिदा स्यात्तदा धारणकेन परिस्वधनियं प्रति धारणस बबूयाके भोगन चोग्व फ्याङ्न ˎ लुं सास्य क्रेन काया दृष्टशाक्षि धारणस भ्राता रुपराज भारोः शुभः ।।**

(पछाडिपट्टि)

१. **꠰ पुषुरिद्याङ वंको बल-**

२. **या क्रेपतिः शुभ ꠰।**[७]

६ सङ्ख्या

ने.सं. ६३५ (वि.सं. १५७२) वैशाखकृष्णचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१०१/१४

यसको फोटो तल २०९ पृष्ठमा छ ।[८]

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ ।

७. मूल ताडपत्रमा **शुभ**पछि केही ठाउँ छोडी ꠰। लेखिएको छ ।

८. ताडपत्रको पछाडिपट्टि लेखिएकोको फोटो दिन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यंबूबुमामा गाङ्गुलंगमा इन्द्रचोकको मण्डप (मूलमा- **वंकडोंमण्डपस्थान**)मा दंदंछेंमा बस्ने ताम्रकार (मूलमा- **ताम्बकार**) जिताज भारो, ताम्रकार अभयसिंह भारो र अर्का एक जना भारो[९]लाई त्यही ब्रुमाका[१०] रावुत उजोतराज र उनका भाइ रावुत उत्तमराज (मूलमा- **उतिमराज**) तथा रावुत हाकुले आफ्नो, आफूले भोगचलन गरिरहेको यंबूबुमाको त्यापेबू भन्ने ठाउँको खेत बेची ने.सं. ६३५ (वि.सं. १५७२) वैशाखकृष्णचतुर्थीमा यो लिखत लेखिएको हो । यसमा दृष्टसाक्षी बेच्नेका कान्छा बाबु (मूलमा- **कनेष्टपिता**) रावुत रूपराज छन् । बेचिएको खेतको चारकिल्ला खुलाउँदा त्यस खेतको दक्षिणपट्टि केलको जमलगंथिको खेत (मूलमा- **केलं जमलगंथिभुमे**) भएको कुरा यहाँ लेखिएको छ ।

सेतो मत्स्येन्द्र जमलमा फेला परेको भन्ने अनुश्रुति भएकोले केलटोलमा सेतो मत्स्येन्द्रबहालवरपरको इलाका जमलगंथि नाउँले चिनिने भएकोले (महेशराज पन्त २०६७:१८ मा ३ टिप्पणी) यो खेत सेतो मत्स्येन्द्रबहालबरपर थियो भन्ने बुझिन्छ ।

मूलपाठ

१. **१ श्रैयोऽस्तु । सम्वत् ६३५ वैसाषमासेः कृष्णः पक्षे ।। चत्रुथ्यायान्तिथौः श्रीयंबूबुमाया१ श्रीगाङ्गुलंगे ×× वंकडोंमण्डपस्थानेः दंदंछें१ गृहाद्धिवाशीन ˎ ताम्बकार जिताजभारो××× ताम्बकार अभयसिहङ भारोस ××(भारो)स नाम्ना सकासातः तत्रेव ब्रुमा(यां रावुत)-**

२. **उजोतराज ˎ कस्ये भ्रात्यरावुतउतिमराजकस्य भ्रात्यरावुतहाकुकस्य एते सहानुमतेन शुक्रीयं शुब्रूर्च्यमानिक १ त्यापेबूक्षेत्रनामप्रदेसेः श्रीश्रीराजकुलवस्तुभुमे पछिमत ˎ जमलगंथिभुमे ˎ उर्त्तरतः भूमे पूर्व्वतः[११] भुमे दक्षनतः[११] (एतन्मधे)**

३. **स्य ˎ जथादेशकालप्रवर्त्तमानसञ्चारार्घेन स्ववर्ण्णमूलमादाय ˎ स्वादिनानवतुकं न्यायन क्रीविक्रीयतम्भवति ˎ तत्रा धारनकस्य निमितेन जदि संकृतव्यावाडपीडा स्यात् तदा धारनकेन परीसोधनियञ्चः दृष्टसाक्षि धारनस कनेष्टपिता ˎ रावुत रुपराजः प्रते ×...**

(पछाडिपट्टि)

१ त्यापेबूया क्रेपत्र ।।

---

९. मूल ताडपत्र यहाँनिर भाँचिएकोले **अभयसिहङ भारोस**भन्दा अगाडि नाउँ लिइएकाको नाउँ गएको छ ।

१०. मूल ताडपत्र यहाँनिर भाँचिएकोले बेच्नेको वतन गएको छ ।

११. पश्चिम र उत्तरपट्टिका सँधियारको विषयमा पछि खुलाउनको लागि दुवै ठाउँमा केही ठाउँ खाली छोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६२३ (वि.सं. १५६०) आश्विन-अमावास्या

यसको पाठ माथि १९८ पृष्ठमा छ ।













CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)



२ सङ्ख्या

ने.सं. ६२८ (वि.सं. १५६४) चैत्रशुक्लद्वितीया

यसको पाठ माथि १९९ पृष्ठमा छ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६३० (वि.सं. १५६७) चैत्रकृष्णत्रयोदशी

यसको पाठ माथि २०० पृष्ठमा छ ।











CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६३२ (वि.सं. १५६८) पौषकृष्णसप्तमी

यसको पाठ माथि २०१ पृष्ठमा छ ।











CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)



५ सङ्ख्या

ने.सं. ६३४ (वि.सं. १५७०) मार्गशुक्लद्वितीया

यसको पाठ माथि २०२ पृष्ठमा छ ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)



६ सङ्ख्या

ने.सं. ६३५ (वि.सं. १५७२) वैशाखकृष्णचतुर्थी

यसको पाठ माथि २०३ पृष्ठमा छ ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

महेशराज पन्त २०६७

= वि.सं. २०६७ मा प्रकाशित *पूर्णिमा* १३३ पूर्णाङ्कका १८-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *ङतपिथ्या*।

महेशराज पन्त २०६७ क

